**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**प्रो.सत्यनारायण मेहता**

मोवाइल : ९८४१४७४३३०

**न्यू काठमाडौं गेष्ट हाउस**

**कलंकी-१४, काठमाडौं**

**यहाँ खाना, नास्ता, बस्नको लागि सुविधायुक्त याट्याच बाथरुम, टि.भि.को समेत सुविधा उपलब्ध छ**

# संघका गतिविधिहरू




तत्कालिन अध्यक्ष श्री बासुदेव वलीज्यूबाट संघको आठौँ दिवसको अवसरमा
अग्रज नामक पुस्तक विमोचन गर्नुहुदै




तत्कालिन अध्यक्ष श्री बासुदेव वलीज्यूबाट संघको आठौँ केन्द्रिय परिषद् सभाको
दिप प्रज्वलन गरी उत्घाटन गर्नुहुदै



भुकम्प पिडित संघका सदस्यहरुलाई सहयोग स्वरुप प्राप्त भएको मण्डी बितरण गर्नु हुँदै संघका तत्कालिन बरिष्ठ सल्लाहकार किशोर कुमार लामाज्य




भुकम्प पिडित संघका सदस्यहरुलाई सहयोग रु. १०,०००र( का दरले प्रदान गर्नु हुँदै संघका तत्कालिन अध्यक्ष श्री बासु देव वलीज्यू



सशस्त्र प्रहरी बल संगठनका आठौं संगठन प्रमुखको रुपमा पदभार ग्रहण गर्नु भएका नवनियुक्त सशस्त्र प्रहरी महानिरीक्षक श्री दुर्ज कुमार राईज्यूलाई संघको तर्फबाट बधाई तथा शुभकामना ज्ञापन गर्नु हुँदै संघका तत्कालिन कार्य बाहक अध्यक्ष रोहित थापाज्यू र तत्कालिन बरिष्ठ सल्लाहकार किशोर कुमार लामाज्यू



सशस्त्र प्रहरी बलका सिनियर अधिकृत र नेपाल पूर्व सशस्त्र प्रहरी संघका पदाधिकारीहरु बीच भेटघाटको अवसरमा



भुकम्प पिडित संघका सदस्यहरुलाई सहयोग स्वरुप प्राप्त भएको मण्डी बितरण गर्नु हुँदै संघका तत्कालिन अध्यक्ष श्री बासु देव वलीज्यू



भुकम्प पिडित संघका सदस्यहरुलाई सहयोग स्वरुप प्राप्त भएको मण्डी बितरण गर्नु हुँदै संघका सल्लाहकार रविराज थापाज्यू




बर्तमान अध्यक्ष श्री किशोर कुमार लामाज्यूलाई संघको पदभार हस्तानान्तरण गर्नु हुदै निबर्तमान अध्यक्षज्यू लगायत पदिधकारीज्यूहरु




संघका आजिवन सदस्य गंगादत्त पुडासैनीको छोराको उपचारार्थ आर्थीक सहयोग प्रदान गर्नुहुँदै संघका अध्यक्ष श्री किशोर कुमार लामाज्य

# निवर्तमान अध्यक्षज्यूको योगदान



**अध्यक्ष**
**स.प्र.म.नि.(अ.प्रा.) बासुदेव वली**
**२०६७/०२/२९ देखि २०७३/०४/१६ सम्म**

मुलुकको शान्ती सुरक्षाको स्थिति अत्यन्त नाजुक अवस्थामा पुगेको तत्कालिन परिवेसमा भएको सशस्त्र प्रहरी बलको स्थापना संगै द्धन्दात्मक गतिबिधीलाई नियन्त्रणार्थ परिचालीत सशस्त्र प्रहरी बलको तेस्रो संगठन प्रमुखकको रुपमा जिम्मेवारी लिदाँको अवस्थामा २०६२/०६३ जनआन्दोलन र त्यसपछीको मधेस आन्दोलनले उग्र रुप लिदा सोही प्रयोजनमा परिचालीत हुन परेकोले रोकिएको संगठनात्मक सुदृढीकरणको दिशामा तत्कालिन संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक श्री बासुदेव वलीज्यूको कार्यकाल सफल रह्यो। जनआन्दोलन पश्चात संगठनलाई सुदृढीकरण गर्न पुर्ण व्यबसायिक राष्ट्रसेवकहरु उत्पादन गर्न सशस्त्र प्रहरी बलमा पहिलो पटक विशिष्ट तहको प्रशिक्षण प्रतिष्ठानको स्थापना तथा विशेषगरी मुलुकको सिमा सुरक्षा कायम राख्नलाई सिमा सुरक्षा विभागको स्थापना र सो विभाग मातहतमा रहने गरी सिमा सुरक्षा कार्यालयहरु र वि.ओ.पि.हरु स्थापना हुनु संगठन विस्तारको कोशेढुंगाको रुपमा लिन सकिन्छ।

ईतिहासमै पहिलो पटक नेपाली सेनाको परिचालन विनानै नेपाल प्रहरीको सहयोगमा तत्कालीन संगठन प्रमुख एवं नेपाल पूर्व सशस्त्र प्रहरी संघका निवर्तमान अध्यक्ष स.प्र.म.नि.(अ.प्रा.) श्री बासुदेव वलीज्यूको नेतृत्वमा रहेको सशस्त्र प्रहरी बलको मुख्य भूमिकामा नेपालमा भएको पहिलो संविधान सभाको निर्वाचन सम्पन्न हुनुलाई संगठनकै ठुलो सफलता मान्नु पर्दछ।

संस्थापक सदस्यहरुमात्र भई संघ संचालनार्थ आवश्यक प्रशासनिक खर्च समेत व्यक्तिगत रुपमा वहन गर्दै संघलाई धानिरहेको अवस्थामा मिति २०६७/०२/२९ गतेदेखि मिति २०७३/०४/१६ गतेसम्म संघको नेतृत्व ग्रहण गर्ने क्रममा आर्थिक रुपमा सुन्य अवस्थामा रहेको संघको २० लाख भन्दा बढीको आफ्नै पूँजी निमार्ण, ४० लाखको अक्षयकोष स्थापना, संघको केन्द्रिय कार्यालयलाई व्यवस्थित बनाउने, PA System जडित आधुनिक ५०/६० सिट क्षमताको फर्निचरयुक्त बैठक कक्ष,आजीवन सदस्यता प्रदान, परिचयपत्रको व्यवस्था, व्यवस्थित अभिलेख प्रणाली, नेपाल ए.पि.एफ.अस्पतालमा विशेष गरेर तल्लो तहबाट अवकाश लिएका सशस्त्र प्रहरी कर्मचारीहरुको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले रु. १,११,१११/- को अक्षयकोषको स्थापना,नेपाल ए.पि.एफ.स्कूललाई ५०,०००/- बराबरको भौतिक सामाग्री सहयोग, मिति २०७२/०१/१२ गते र त्यस पछि लगातार गएको विनाशकारी भूकम्पमा पिडित जनताको सहयोगार्थ प्रधानमन्त्री दैविप्रकोप राहत कोषमा रु. १,५१,०००/-सहयोग र सदस्यहरुका बीच सूचना र सहयोग आदान-प्रदान व्यवस्थापनको विकास, संघको विस्तार विकासको पूर्वाधार निमार्ण लगायत अतुलनीय योगदान रहेको यथार्थतालाई संघले उच्च मूल्यांकन गर्दै आगमी दिनहरुमा समेत उहाँको अभिभावकीय भूमिकाको आवश्यकता रहेको महसुस गरेको छ।

# वर्तमान अध्यक्षज्यूको स.प्र.बलमा योगदान



## अध्यक्ष
## स.प्र.म.नि.(अ.प्रा.) किशोर कुमार लामा
### सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा) आजीवन सदस्य

मुलुक द्वन्दकालको भय, त्रास, हिंसात्मक, जटिल र चुनौतिपुर्ण अवस्थाबाट गुज्रिरहेको थियो। गोली, बम, बारुदले मानविय मान्यताको करुणालाई लत्याई दिएको थियो। नेपाली र नेपाली बिचमा नै भिडन्त जारी थियो। तसर्थ बिद्यमान आन्तरीक द्वन्दात्मक परिस्थीती एवं आधुनिकीकरण र विश्वब्यापीकरणबाट श्रृजित सामाजिक, राजनितिक, आर्थिक र अपराधिक विबिध प्रवृत्तीका असहज र चुनौतीपूर्ण स्थीतीसंग सामना गरी जनसमुदायको रक्षा र शान्ति सुव्यवस्था कायम गर्न विश्वका बिभिन्न मुलुकहरुमा स्थापना भएका बिशिष्ट वर्गको फौज सरहको नयाँ फौजको आवश्यकता राज्यले महशुस गरी परिणामत् सशस्त्र प्रकृती, मानसिक र शाररिक रुपमा बिशेष क्षमता, उच्चशहनसिल, उच्च मनोवल, बल प्रयोगमा समानुपातिक बलप्रयोग गरी मानव अधिकारको अन्तराष्ट्रिय मापदण्डलाई पालना गर्ने जनशक्तीको सुरक्षा संगठनको रुपमा सशस्त्र प्रहरी बल स्थापना भएको हो। यस प्रकारको बिषेश सशस्त्र फौज विश्वका प्राय सबै मुलुकहरुमा विषेस परिस्थिती आन्तरीक व्दन्द, सशस्त्र बिद्रोह, संगठित अपराध, आतंकबाद समुहका गतिविधीहरु नियन्त्रण गर्न गठन भएका छन्। भारतमा सिमा सशस्त्र बल, चाईनामा सशस्त्र बल, फ्रान्समा जेन्डामरी, यू एस मा स्वाट, जर्मनमा जि.एस.जी-९ जस्ता बिशेष समुहरु परिचालीत छन्। राष्ट्रिय र अन्तराष्ट्रिय सुरक्षाका गतिबिधीहरुको खवर संकलन, बिश्लेषण र सम्बन्धीत निकायमा आवश्यकता अनुसार खवर आदान प्रदान गर्ने गहन जिम्मेवारीको महत्वलाई दृष्टीगत गरी उक्त क्षेत्र लगायत बिविध पक्षमा योगदान गर्ने पंक्तिकारको ईच्छालाई प्रहरी महानिरीक्षक ध्रुब बहादु प्रधान, (अ.प्रा.) को शिफारिसमा सशस्त्र प्रहरी महानिरीक्षक,स्व. कृष्ण मोहन श्रेष्ठले (अ.प्रा.) सशस्त्र प्रहरी बलको जिम्मेवारी बहन गर्ने अवसर दिनु भयो। नेपाल प्रहरीमा पनि हाल उपत्यका अपराध महाशाखा तत्कालिन (केरकार शाखा) को प्रमुख, र नेपाल प्रहरीको बिशेष ब्यूरोको संस्थापक सदस्यको नाताले सशस्त्र प्रहरी बलमा सुरक्षा महाशाखा स्थापना गरी द्वन्दको बिविध पक्षमा राजनितीक, सामाजिक, आर्थिक, अपराधिक, आतंकवाद, आन्तरीक व्दन्द, शान्ती र सुरक्षाको गतिबिधीहरुको बिश्लेषण गरी प्रतिवेदन तयारी गर्ने कार्यहरु र बिभिन्न सुरक्षा निकायहरु संग समन्वय, सम्बन्ध, केन्द्रिय स्तर बाट मातहत निकायहरुलाई आवश्यक पर्ने निर्देशन कार्यलाई प्रभावकारी रुपमा निर्वाह गर्नु भएको थियो। खतरा मुल्यांकन व्यबस्थापन, उच्च तह र बिशेष सुरक्षा विश्लेषण कार्य सम्पादन, रणनितीहरुको तयारी कार्यहरु समेत गर्नु हुन्थ्यो। विश्वको प्रत्येक मुलुकहरुमा हुने आन्तरीक द्वन्द, विद्रोह

कार्यहरुलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न को निमित्त **थिङकर्स र सुटर्सको ( क्राईसिस रेस्पोन्स टिम )** संरचना हुने गर्दछ। सोही अनुसार यस ईकाईलाई पनि भविष्यमा सांगठनिक जिम्मेवारी थप सहित निर्देशनालयमा विकास गरि **थिङकर्सको रुपमा** संगठनको लागी रणनितिहरु विकास गरेर **क्राईसिस रेस्पोन्स र थ्रेट म्यानेजमेन्ट** टिममा बिकास गर्ने लक्ष्य थियो। **बिशिष्ट सुटर समुह क्राईसिस रेस्पोन्स टिम** गठनको निमित्त समकक्षी मुलुकसँग समन्वय र सहयोग कार्यलाई प्रभावकारी बनाई **अत्याधुनिक बिशेष हात हतियारहरु, एम फोर कार्बाईन, ग्लक पेस्तोल, स्नाईपर राईफलहरु** सहयोग स्वरुप हासिल गरी **स्वाट कोर्सको प्रशिक्षकहरुबाट क्राईसिस रेस्पोन्स सुटर टिम प्रथम तालिम समेत संचालन** गराईएको थियो। २०३८-०३९ साल सम्म नेपाल प्रहरीको छुट्टै जिल्ला सिमा सुरक्षा कार्यालयहरु र मातहतमा सिमा चौकीहरु परिचालत थिए। तर ०४१-०४२ **साल तिर नेपाल प्रहरीले जिल्ला सिमा सुरक्षा कार्यालयहरुलाई हटाएको** थियो। यसरी **करीब १५ बर्ष पश्चात खुला सिमाको सुरक्षालाई ब्यवस्थित गर्न सिमा कार्यालर्यहरुको दरबन्दी निकासा र स्थापना गर्न यस संघका नि.वर्तमान अध्यक्ष स.प्र.म.नि.बासुदेव वली (अ.प्रा) को पहल कार्यमा पक्तिकार सक्रिय सहयोगी रही, साथै बन्द भईसकेका सुरक्षाका पुर्व कर्मचारीहरु व्दारा परिचालित राजस्व तथा भन्सार गस्तीमा सशस्त्रको कर्मचारी राखी राजस्व तथा भन्सार गस्ती कार्यलाई पुनःपरिचालित गरियो**। सशस्त्र प्रहरी बलको सिमा सुरक्षा कार्यालयहरुको प्रथम टोलीलाई **अर्थमन्त्रीको संयोजकत्वमा, सचिवज्यूहरु रामेश्वर खनाल, कृष्णहरि बास्कोटा, भन्सार, राजस्वका निर्देशकज्युहरु टंकमणी शर्मा हाल सचिब, र सशस्त्र प्रहरीका सिमा सुरक्षा विभाग प्रमुख पक्तिकार लामा सहितको संयुक्त टोलीले** तराईका १८ वटा सिमा सुरक्षा कार्यालयहरुलाई ब्यवस्थित रुपमा संचालन गर्न जिल्ला प्रशासन कार्यालय, भन्सार, राजस्व, प्रहरी, सशस्त्र प्रहरी, नापी कार्यालय, उद्योगी, ब्यापारीहरु र अन्य सरोकार वालाहरुलाई सहभागी गराई संयुक्त अनुशिक्षण कार्यक्रम सम्बन्धित जिल्लाहरुमा संचालन गरीएको थियो। **सोही आ.व.मा प्रथम पटक अर्थ मन्त्रालयको ईतिहासमा नै लक्षित राजस्व लक्ष भन्दा दोब्बर संकलन भएकोले अर्थ मन्त्रालय र सशस्त्र प्रहरी बलको प्रशंसा भएको थियो**। कार्यको प्रशंसा र मुल्यांकन गरि **स.प्र. बल राजस्व चुहावट नियन्त्रण सुरक्षा गुल्म** गठन गरि पुलचोक स्थित राजस्व अनुसन्धान विभागमा तैनाथ गरीयो। यसै गरि **अन्तरदेशिय संगठित र एकल (लोन उल्फ) अपराधीहरुको गतिविधी निग्रानी** र अनुगमन गर्न त्रिभुवन विमानस्थलमा प्रथमत् नेपाल प्रहरीको अत्याधुनिक प्रबिधी सहितको निग्रानी समुह र तत्प्रश्चात सशस्त्र प्रहरीको समुह पनि **पक्तिकारको बिशेष पहलमा** परिचालित गरीयो। सशस्त्र प्रहरीको **केन्द्रिय कमाण्ड कक्ष (सि.सि.आर.सेन्ट्रल कमाण्ड रुम) को** नामाकरण, स्थापना र साथै **परिचालन विश्लेषण कक्ष तयारीमा स.प्र.अ.म.नि. रवि राज थापा (अ.प्रा.) स.प्र.अ.म.नी. नारायण पाण्डे, स.प्र.ब.उ. छत्र प्रधान** संग पंक्तिकारले संयुक्त रुपमा कार्य सम्पन्न गरिएको थियो र **नेट ब्रिफिङ** पनि प्रारम्भ गरिएको थियो। द्धन्दात्मक अवस्था भएकोले परिचालन विभागमा **खतरा मुल्यांकन समितिको** व्यवस्था गरेर कार्य संचालन गरीएको थियो। बिशिष्ट ब्यक्तीहरुको सुरक्षालाई प्रभावकारी बनाउनको लागि **थ्रेट एसेसमेन्ट म्याट्रिक्सको सिद्धान्त लागु** गरि थ्रेटहरु पहिचान गरि **विशिष्ट व्यक्तिहरुको सुरक्षा प्रोफाईल** तयारी गरिएको थियो। नेपालको ऐतिहासिक **प्रथम र द्धितिय सविधानसभा निर्वाचनमा संलग्न विशिष्ट व्यक्तिहरु, उम्मेदबारहरु, निर्वाचन कार्यालय र पदाधकारीहरुलाई सुरक्षा चेतनाको लागी सुरक्षा चेतना हाते पुस्तक प्रकाशन** गरेर वितरण गरिएको थियो। **दोश्रो संस्करण स.प्र.अ.म.नि. शैलेन्द्र खनालको** संयोजकत्वमा प्रकाशन भएको थियो। यसैगरी ०६२/०६३ को जन आन्दोलनमा विद्रोहको द्धन्दको लागी हतियारमा प्रशिक्षित भएका सशस्त्रका कर्मचारीहरुलाई अप्रत्याशित रुपमा जन व्यवस्थापन भिड दंगा नियन्त्रण परिचालनमा खटाउँदा देखिएको उनिहरुको कमि कमजोरीलाई सुधार गर्न र गराउनको लागी तत्कालीन स.प्र.म.नि. बासुदेव वली (अ.प्रा.) लाई सुझाव पेश गरे अनुसार केन्द्र, क्षेत्र

र गणहरुमा **भीड, दंगा नियन्त्रण तालीम** अविलम्ब संचालन गराईएको र जेन्डामारी फ्रान्सले भिडलाई रोक्न प्रयोग गर्ने **मेटल नेट ब्यारिकेड** स्थानिय रुपमा निमार्ण गरि प्रयोग गरिएको थियो। प्रशिक्षण केन्द्रहरुमा संचालीत विभिन्न पेसागत तालिमहरुमा **सि.सि.एस.सी , स्टाफ कलेज, सिनियर एडभान्स मेनेजमेन्ट** कोर्षहरुमा आतंकबादी र प्रति आतंकबादी विषयहरुमा पंक्तिकारले प्रशिक्षण प्रदान गर्ने कार्य समेत गर्नु हुन्छ। व्यवशायिक तालिमको क्षेत्रलाई गुणात्मक बनाउने लक्ष अनुसार **संयुक्त राज्य अमेरीकाको हवाई राज्यमा संचालन हुने** उच्च स्तरको प्रति आतंकबाद, क्राईसिस म्यानेजमेन्ट जस्ता महत्वपुर्ण तालिमहरु समन्वय गरेर **बरीष्ठ अधिकृतहरुलाई सहभागी** गराउने कार्यको शुरुवात वहाकै पहलबाट भएको हो। सशस्त्र प्रहरीको ऐनमा उल्लिखित संगठित, अन्तरदेशिय र सिमा अपराध, आतंकबादको जिम्मेवारीलाई प्रभावकारी रुपमा बहन गर्नको लागि **ईन्टरपोलमा सहभागी हुन पहल गरेर हाल पर्यवेक्षकको** रुपमा सशस्त्र प्रहरीको उच्च अधिकृत सहभागी हुने अवसर स.प्र.म.नी. वासुदेव वली (अ.प्रा.) र पंक्तिकार लामाकै प्रयासबाट भएको हो। **राष्ट्रिय दैनिक पत्रिकाहरुमा व्यवसायिक, वातावरणिय लगायत साहित्यक लेखहरु** समेत लेख्ने गर्नुहुन्छ। यसै गरी हाल **विपद व्यवस्थापन तालीम केन्द्र, कुरिनटार,** स्थापना भएको सम्बन्धमा उक्त केन्दमा द्वन्द चलिरहेको अवस्थामा सशस्त्र प्रहरीको बेस स्थापना गरिएको थियो। साथै युद्ध रणनिती अनुसार पनि डाँडाको मुनिको जमिनमा **टेरेन डोमिनेटेड** स्थानमा बेस भएकोले खतरा स्तर उच्चतम् थियो यद्यपी अपरेसनल छलफलमा उक्त केन्द्र राख्ने वा हटाउने सम्बन्धमा छलफल हुँदा राख्ने निर्णय गरेर राखियो। यसको उपादेयताको बारेमा उक्त बेस भौतिक संरचनाहरु पुरानो भएता पनि पहिला विदेशी प्रोजेक्ट रहेकोले भौतिक अवस्था पुनः निर्माणको लागी पनि कम बजेटले पुग्ने भएकोले र रक्षात्मक अवस्थालाई थप प्रभावकारी बनाएर उक्त बेस कायमै राखियो। द्वन्द पश्चात बृहत शान्ति सम्झौता भए पछि नेपाल सरकारले पुनः उक्त बेस फिर्ता माग गरेको थियो तर हामी सबै सहकर्मिहरुको सल्लाह बमोजिम द्वन्द नभएता पनि **उक्त केन्द्रलाई उद्धार केन्द्रको** रुपमा विकास गरियो भने **उक्त हाईवेको क्षेत्रमा बढी सवारी दुर्घटना हुने, नदीमा सवारी साधनहरु खस्ने र घटनामा घाईते पिडितहरुलाई तत्काल उद्धार नहुनाले बगेर मृत्यू हुने, मृतकका लासहरुपनि फेला नपर्ने, घाइतेहरुलाई तत्काल चिकित्स सेवा प्राप्त गर्न असम्भव हुने भएकाले** उक्त बेसलाई नेपाल सरकारलाई फिर्ता दिन नहुने र उद्धार र राहतको अत्यावस्यकताको तर्क पुर्ण राय सरकारमा पेश गरियो र **सशस्त्र प्रहरी महानिरीक्षक स्व.शहवीर थापाको** अथक प्रयासले उक्त केन्द्र सशस्त्र प्रहरी बलको बेसको रुपमा कायम राख्न सफल भइयो। **उक्त वेसलाई उद्धार र राहत केन्द्र बनाउने अग्रजहरुको सोचलाई** तत्पाश्चातका नेतृत्वहरुसशस्त्र प्रहरी महानिरिक्षकहरु सनत कुमार बस्नेत, शैलेन्द्र कुमार श्रेष्ठ, कोषराज वन्त(अ.प्रा.) शमादेशकहरु र सहायकहरुले मुर्तरुप प्रदान गर्न बिशेष पहल गरी आवश्यक श्रोत साधन, जनशक्ति र तालीमहरु शंचालन गराई हाल **विपद व्यवस्थापन तालीम केन्द्रको** रुपमा उद्धार र राहतको महान उद्धेश्य लिएर स्थापित भएको छ। यसै गरी सशस्त्र प्रहरी बलको परिसरमा अवस्थित **वीर पराक्रमी अमर प्रहरीहरुको सम्झनामा बनेको स्मृति पार्कमा वीर शहिदहरुको आत्माहरुलाई मानव शरिर निर्मित प्रकृतिको पन्च तत्वहरुमा धरती, जल, अग्नि, वायु र आकाश मध्य जल र अग्निको कमी** महसुस भई जलको आवश्यकतालाई पूर्ति गर्न पवित्र जल धारा निर्माण गराउनु भएको छ। अब अग्नि र जलधारामा निरन्तर रुपमा जल प्रवाह हुने व्यवस्थाको आवश्यकता छ। वीर शहिदहरु प्रति श्रद्धान्जली अर्पण गर्दै, आत्माको चिर शान्तिको कामना गर्दछु।

**"ॐ ईष्ट देवी जय माँ बगलामुखी "**

**लेखक : संघका आजीवन सदस्य एवम् अध्यक्ष हुनुहुन्छ ।**

# आजीवन सदस्यज्यूहरूको विवरण

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| १ |  | स.प्र.म.नि.<br>बासु देव वली<br>९८५११०३५२२ | छातेढुङ्ग - ६, तेह्रथुम | मैतिदेवी, काठमाण्डौ |
| २ |  | स.प्र.म.नि.<br>सनत कुमार वस्नेत<br>९८५१०४३२४४ | छोरक्बु - ७, खोटाङ्ग | बुढानिलकण्ठ,<br>काठमाण्डौ |
| ३ |  | स.प्र.म.नि.<br>किशोर कुमार लामा<br>९८४११४९५३१ | ज्ञानेश्वर - ३३,<br>काठमाण्डौ | बौद्ध, काठमाण्डौ |
| ४ |  | स.प्र.म.नि.<br>शैलेन्द्र कुमार श्रेष्ठ<br>९८५१०३७४०३ | नेपालगंज - १३, बांके | बसुन्धारा, काठमाण्डौ |
| ५ |  | स.प्र.अ.म.नि.<br>रविराज थापा<br>९८५१०९७२६६ | चाकुपाट,<br>ललितपुर | चाकुपाट,<br>ललितपुर |
| ६ |  | स.प्र.अ.म.नि.<br>रोहित थापा<br>९८५१०७२७११ | गाउसहर - ८,<br>लमजुङ्ग | हेपाली हाईट,<br>काठमाण्डौ |
| ७ |  | स.प्र.अ.म.नि.<br>नारायणराज पाण्डे<br>९८५१०४३३६६ | खोपलाङ्ग - ६,<br>गोरखा | बुढानिलकण्ठ,<br>काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ८ |  | स.प्र.अ.म.नि.<br>कृष्ण बहादुर विष्ट<br>९८४१३५६३७२ | सानेपा - २, ललितपुर | चाकुपाट, ललितपुर |
| ९ |  | स.प्र.अ.म.नि.<br>ठाकुर मोहन श्रेष्ठ<br>९८५११३८१७७ | डोटी दिपायल<br>सीलगुढी ४ | सुकेधारा, काठमाण्डौ |
| १० |  | स.प्र.अ.म.नि.<br>ऋषवदेव भट्टराई<br>९८४१६२३१४३ | पदमपुर, चितवन | पदमपुर, चितवन |
| ११ |  | स.प्र.अ.म.नि.<br>शुशिल कुमार श्रेष्ठ<br>९८५१०३५२२२ | काठमाण्डौ | काठमाण्डौ |
| १२ |  | स.प्र.ना.म.नि.<br>गोपालमान श्रेष्ठ<br>९८०१०४७१५२ | आर्दश - १३, बाँके | कोटेश्वर, काठमाण्डौ |
| १३ |  | स.प्र.ना.म.नि.<br>शिवराज गौली<br>९८५१०७४०७१ | आपडाडा - २,<br>लमजुङ्ग | इटालीटार, काठमाण्डौ |
| १४ |  | स.प्र.ना.म.नि.<br>दिलिप कुमार श्रेष्ठ<br>९८५११४७२९३ | चैनपुर - १,<br>संखुवासभा | सुकेधारा, काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| १५ |  | स.प्र.ना.म.नि.<br>श्याम कृष्ण कर्माचार्य<br>९८५१०३०७७६ | डिल्ली बजार, काठमाण्डौ | मालीगाँऊ, काठमाण्डौ |
| १६ |  | स.प्र.ना.म.नि.<br>नवराज विष्ट<br>९८५१०५५७१० | उग्रतारा - ४, काभ्रे | बानेश्वर, काठमाण्डौ |
| १७ |  | स.प्र.ना.म.नि.<br>राजकुमार राना<br>९८५११०२२४८ | खजुरीया - ३, रुपन्देही | गल्फुटार, काठमाण्डौ |
| १८ |  | स.प्र.ना.म.नि.<br>माधव बहादुर थापा<br>९८५१०३८३९४ | अर्जुनधारा - २, झापा | धुम्बाराही, काठमाण्डौ |
| १९ |  | स.प्र.ना.म.नि.<br>महेन्द्रकुमार भट्टचन<br>९८०२१००४४४ | ढिकुरपोखरी - २, कास्की | गल्फुटार, काठमाण्डौ |
| २० |  | स.प्र.ना.म.नि.<br>कमल वस्नेत<br>९८४१३८१४८७ | आँपपिपल - ७, गोरखा | शान्तिनगर, काठमाण्डौ |
| २१ |  | स.प्र.ना.म.नि.<br>महावीर गुरुङ्ग<br>९८५११३५४१५ | मुर्तिया ४<br>सर्लाही | सर्लाही |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| २२ |  | स.प्र.ना.म.नि.<br>देवेन्द्र कुमार सुब्बा<br>९८५१०७७२९९ | गुरामुनि ९<br>झापा | गुरामुनि ९, झापा |
| २३ |  | स.प्र.ब.उ.<br>धन बहादुर थापा क्षेत्री<br>९८५१०५२७७१ | पुर्कोट - ४, तनहू | कुलेश्वर, काठमाण्डौ |
| २४ |  | स.प्र.ब.उ.<br>प्रकाश बहादुर थापा<br>९८५१०६९०७७ | डिल्लीबजार,<br>काठमाण्डौ | बानेश्वर, काठमाण्डौ |
| २५ |  | स.प्र.ब.उ.<br>छत्र बहादुर प्रधान<br>९८५१००१४११ | धरान - ७, सुनसरी | चावहिल, काठमाण्डौ |
| २६ |  | स.प्र.ब.उ.<br>सूर्य प्रसाद श्रेष्ठ<br>९८४१४७४१९१ | धरान न.पा. - १०,<br>सुनसरी | विराटनगर |
| २७ |  | स.प्र.ब.उ.<br>राजन थापा<br>९८६६८९२५२८ | आगा - ९, रौतहट | चावहिल, काठमाण्डौ |
| २८ |  | स.प्र.ब.उ.<br>राजेन्द्र बहादुर सिंह<br>९८४१२७८६२५ | लटिनाथ - १, दार्चुला | धुम्बराही, काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| २९ |  | स.प्र.ब.उ.<br>प्रल्हाद के.सी.<br>९८५१०७४८८२ | सुब्बागाउ - ३, काभ्रे | इमाडोल, ललितपुर |
| ३० |  | स.प्र.ब.उ.<br>श्रीकान्त कोइराला<br>९८५१०६५८४६ | जिता वडा नं. - २, लमजुंग | धापासी, काठमाण्डौ |
| ३१ |  | स.प्र.उ.<br>विकास श्रेष्ठ<br>९८५१००२३९४ | भद्रपुर - ४, झापा | सुकेधारा, काठमाण्डौ |
| ३२ |  | स.प्र.उ.<br>अजय कुमार सिंह<br>९८५१००४५५८ | हजमनीया - १, रौतहट | इमाडोल, ललितपुर |
| ३३ |  | स.प्र.उ.<br>राम विलास दास<br>९८१८१४२६९६ | कटारी - १, रौतहट | थानकोट, काठमाण्डौ |
| ३४ |  | स.प्र.उ.<br>भीम बहादुर पन्थ<br>९८४१३७३९९२ | स्याम्घा गा.वि.स. - ३, सिसाघाट, तनहू | सतुंगल, काठमाण्डौ |
| ३५ |  | स.प्र.उ.<br>लक्ष्मण सिलवाल क्षेत्री<br>९७५१०१५५६५ | चिली - ५, लमजुङ्ग | लैनचौर, काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ३६ |  | स.प्र.उ.<br>दिलिप बहादुर वस्न्यात<br>९८४१०००६३९ | मकैवारी, दोलखा | चण्डोल, काठमाण्डौ |
| ३७ |  | स.प्र.उ.<br>शिब बहादुर मल्ल<br>९८५१०४९४७० | काठमाण्डौ म.न.पा. | कंलकी, काठमाण्डौ |
| ३८ |  | स.प्र.उ.<br>ई. शिशिर वि. अधिकारी<br>९८५१०११२१२ | काठमाण्डौ म.न.पा.-४<br>धुम्बाराही | काठमाण्डौ<br>म.न.पा.-४<br>धुम्बाराही |
| ३९ |  | स.प्र.उ.<br>कविराज श्रेष्ठ<br>९८४११४९८७७ | काठमाण्डौ चन्द्रागीरी<br>न.पा.-११ | मातातीर्थ, काठमाण्डौ |
| ४० |  | स.प्र.उ.<br>अर्जुन बहादुर थापा<br>९८५१२५८५९२ | महालक्ष्मी न.पा.-१० | टिकाथली |
| ४१ |  | स.प्र.उ.<br>तुल्सीराम खत्री<br>९८४९२८२०६३ | महालक्ष्मी न.पा. १० | टिकाथली |
| ४२ |  | स.प्र.उ.<br>मोहन कुमार गुरुङ्ग<br>९८५७०८०१७२ | रामेछाप ८ दुरा गाउँ | कपन, काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ४३ |  | स.प्र.ना.उ.<br>महेन्द्र बहादुर कार्की<br>९८५१०१५७०७ | महेन्द्रनगर - ६, सुनसरी | वनस्थली, काठमाण्डौ |
| ४४ |  | स.प्र.ना.उ.<br>बलराम तिमिल्सिना<br>९८५१०२९७२२ | पुतली बजार न.पा.-१२ स्याङ्गजा | सानोभऱ्याङ्ग, काठमाण्डौ |
| ४५ |  | स.प्र.ना.उ.<br>तिल बहादुर गुरुङ्ग<br>९८४१३९२९८६ | ओरष्टे - ६, स्याङ्गजा | बालाजु, काठमाण्डौ |
| ४६ |  | स.प्र.ना.उ.<br>बालकृष्ण खकुरेल<br>९८०८९२०१४७ | नमोबुद्ध - ३, काभ्रे | सुकेधारा, काठमाण्डौ |
| ४७ |  | स.प्र.ना.उ.<br>बुद्धि बहादुर श्रेष्ठ<br>९८४१७३२०४१ | बुकोट - ४, गोरखा | बलम्बु, काठमाण्डौ |
| ४८ |  | स.प्र.ना.उ.<br>भगवान श्रेष्ठ<br>९८४१९८१७९४ | थहचोक - २, मकवानपुर | कलंकी, काठमाण्डौ |
| ४९ |  | स.प्र.ना.उ.<br>गोपाल प्रसाद वि.के.<br>९८५१०९३९१३ | सुन्दरपुर - ७, उदयपुर | कोटेश्वर, काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ५० |  | स.प्र.ना.उ.<br>रामजी अधिकारी क्षेत्री<br>९८५१०८९०४० | चौतारा - ७, तनहू | लोकन्थली,भक्तपुर |
| ५१ |  | स.प्र.ना.उ.<br>रुद्र बहादुर पुलामी<br>९७४१०८०१४१ | कुवापानी ८,<br>नुवाकोट | त्रिशुली, नुवाकोट |
| ५२ |  | स.प्र.ना.उ.<br>खिलानाथ खतिवडा<br>९८४१२३०४३५ | रातमाटे - ४,<br>ओखलढुंगा | बालकोट, भक्तपुर |
| ५३ |  | स.प्र.ना.उ.<br>अर्जुन बहादुर रावल<br>९८५१०४२७९९ | माडी - ६, चितवन | बसुन्धारा, काठमाण्डौ |
| ५४ |  | स.प्र.ना.उ.<br>लाल बहादुर पोखरेल<br>९८४११७१७०७ | कटुन्जे - ५, रामेछाप | बाँसबारी, काठमाण्डौ |
| ५५ |  | स.प्र.ना.उ.<br>खगेन्द्र राज वस्नेत<br>९८०३४५२३०५ | मंगलटार - ५,<br>खोटाङ्ग | पेप्सीकोला,<br>काठमाण्डौ |
| ५६ |  | स.प्र.ना.उ.<br>लोक बहादुर पन्थ<br>९८४१७०५२८५ | देउराली - ९,<br>गोरखा | धुम्बाराही, काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ५७ |  | स.प्र.ना.उ.<br>चेत कुमार श्रेष्ठ<br>९८४५०८०६६५ | चितवन न.पा. १०<br>भरतपुर | चितवन न.पा. १०<br>भरतपुर |
| ५८ |  | स.प्र.ना.उ.<br>गणेश बहादुर बस्नेत<br>९८४१५७५७६४ | कमलामाई न.पा. १०<br>सिन्धुली | कमलामाई न.पा. १०<br>सिन्धुली |
| ५९ |  | स.प्र.ना.उ.<br>विष्णु बहादुर कार्की<br>९८५७०३४६७८ | बुटवल उ.म.न.पा.-५<br>रुपन्देही | बुटवल उ.म.न.पा.-५<br>रुपन्देही |
| ६० |  | स.प्र.ना.उ.<br>मान बहादुर कमर<br>९८५१०८१८५५ | माछापोखरी बालाजु<br>काठमाण्डौ | माछापोखरी बालाजु<br>काठमाण्डौ |
| ६१ |  | स.प्र.ना.उ.<br>दिलबहादुर तामाङ लामा<br>९८४५३०३२४७ | पालुङ, मकवानपुर-२ | पालुङ, मकवानपुर-२ |
| ६२ |  | स.प्र.ना.उ.<br>केदार बहादुर खड्का<br>९८४७०५१०९० | नुवाकोट खाडभज्याङ्ग ६ | नुवाकोट विदुर न.पा.४<br>बट्टार बजार |
| ६३ |  | स.प्र.ना.उ.<br>नर बहादुर थापामगर<br>९८६८७७०५२२ | कैलाली अतरिया न.पा.<br>१३ वनखेत | |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ६४ |  | स.प्र.ना.उ.<br>टिका बहादुर थापा<br>९८४१७७९३६० | का.म.न.पा. ९<br>काठमाण्डौ | |
| ६५ |  | स.प्र.ना.उ.<br>जगन बहादुर खडका<br>९८४१३९११९७ | खड्ग भज्याङ्ग गा.वि.स.<br>नुवाकोट | |
| ६६ |  | स.प्र.ना.उ.<br>गणेश बुढाथोकी<br>९८५१२५८०८७ | नागार्जुन न.पा.४<br>सितापाईला काठमाण्डौ | |
| ६७ |  | स.प्र.ना.उ.<br>कुमार कार्की<br>९८४१६०५९८४ | नागार्जुन न.पा. १३<br>स्युचाटार काठमाण्डौ | |
| ६८ |  | स.प्र.नि.<br>राजन पौडेल<br>९८०२१००३६८ | बालकोट - ६, भक्तपुर | बालकोट - ६<br>भक्तपुर |
| ६९ |  | स.प्र.नि.<br>देबराज भण्डारी<br>९८५१०७२००२ | जोरपाटी - ७,<br>काठमाण्डौ | सानोभऱ्याङ्ग,<br>काठमाण्डौ |
| ७० |  | स.प्र.नि.<br>दिपकराज पन्त<br>९८४१३०३३३६ | बिर्तादिउराली - १,<br>काभ्रे | बालकोट, भक्तपुर |


| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ७१ |  | स.प्र.नि.<br>राजेश भारती<br>९७४१०३४७४३ | कुन्चोक - ४, सिन्धुपाल्चोक | सुकेधारा, काठमाण्डौ |
| ७२ |  | स.प्र.नि.<br>अर्जुन प्रसाद ढुंगाना<br>९८४१२६५५६७ | तारुका - ७, नुवाकोट | बाफल, काठमाण्डौ |
| ७३ |  | स.प्र.नि.<br>पारसमणी रोकाय<br>९८४१३६५५८६ | कामनपा - ५ काठमाण्डौ | सानोभऱ्याङ्ग, काठमाण्डौ |
| ७४ |  | स.प्र.नि.<br>शान्तमान श्रेष्ठ<br>९८५१०२४४७५ | मेलुङ्ग - ६, दोलखा | पांचधारा, काठमाण्डौ |
| ७५ |  | स.प्र.नि.<br>केशव कुमार श्रेष्ठ<br>९८५११०८८०६ | तिवारी भन्ज्याङ्ग-७ भोजपुर | कोटेश्वर, काठमाण्डौ |
| ७६ |  | स.प्र.नि.<br>भीमसेन थापा<br>९८४१३९२६८४ | बिदुर - १, नुवाकोट | बिदुर - १, नुवाकोट |
| ७७ |  | स.प्र.नि.<br>नन्द किशोर वस्नेत<br>९८५१०५०४४२ | बिन्धवासीनी - ९, दैलेख | बनस्थली, काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ७८ |  | स.प्र.नि.<br>कृष्णराज खतिवडा<br>९८५१००७३७८ | पुर्कोट - ८, तनहू | इचंगुनारायण,<br>काठमाण्डौ |
| ७९ |  | स.प्र.नि.<br>नारायण बहादुर थापा<br>९८५१२५९६१३ | भैरवी - ९, नुवाकोट | भैरवी - ९, नुवाकोट |
| ८० |  | स.प्र.नि.<br>गोपालध्वज अधिकारी<br>९८४११८६७६० | व्यास - ५, तनहू | खड्कागांऊ कलंकी,<br>काठमाण्डौ |
| ८१ |  | स.प्र.नि.<br>नकुल थापा<br>९८४१३७१८८९ | पुरानो भन्ज्याङ्ग-४<br>नैकाप, काठमाण्डौ | पुरानो भन्ज्याङ्ग-४<br>नैकाप, काठमाण्डौ |
| ८२ |  | स.प्र.नि.<br>धर्मप्रसाद आचार्य<br>९८५२०५५३८८ | फूलवारीटोल, सुनसरी<br>न.पा. ७, इटहरी | फूलवारीटोल, सुनसरी<br>न.पा. ७, इटहरी |
| ८३ |  | स.प्र.नि.<br>विजिन्द्र रिमाल<br>९८५२६७४५४० | इलाम नगरपालिका २ | इलाम नगरपालिका २ |
| ८४ |  | स.प्र.नि.<br>श्याम बहादुर तामाङ्ग<br>९८४३४७९९५९ | नुवाकोट विदुर न.पा. ३ | नुवाकोट विदुर<br>न.पा. ४ सिमचौर |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ८५ |  | स.प्र.ना.नि.<br>राजु कार्की<br>९८५११८२१०४ | धुम्बाराही - ४,<br>काठमाण्डौ | सुकेधारा, काठमाण्डौ |
| ८६ |  | स.प्र.ना.नि.<br>कृष्ण बहादुर के.सी.<br>९८४११८००६० | हलचोक पाँचधारा<br>काठमाण्डौ | हलचोक पाँचधारा<br>काठमाण्डौ |
| ८७ |  | स.प्र.ना.नि.<br>चोचल राज पाख्रिन<br>९८५४०४१३०५ | कमलामाई न.पा.७<br>सिन्धुली | कमलामाई न.पा.७<br>सिन्धुली |
| ८८ |  | स.प्र.ना.नि.<br>रामकृष्ण ढकाल<br>९८४१३४२९७८ | भरतपुर उ.म.न.पा.<br>चितवन | |
| ८९ |  | स.प्र.ना.नि.<br>चित्र बहादुर कुवँर<br>९८४१०९४२६४ | पुतली बजार ८<br>स्याङ्जा | |
| ९० |  | स.प्र.ना.नि.<br>ध्रुव बहादुर के.सी.<br>९८५१२५८७२० | सुन्दर बजार न.पा. ८<br>लमजुङ्ग | |
| ९१ |  | स.प्र.ना.नि.<br>शिवनाथ आचार्य<br>९८४९८५३९६४ | नुवाकोट तुप्चे ८ | नुवाकोट<br>विदुर न.पा. ४<br>लोकतन्त्रचोक |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ९२ |  | स.प्र.स.नि.<br>लक्ष्मण भण्डारी<br>९८४३४१३३२७ | धापासी-७, काठमाण्डौ | धापासी-७,<br>काठमाण्डौ |
| ९३ |  | स.प्र.स.नि.<br>तिलक बहादुर खड्का<br>९८४११०५८९५ | क्षेत्रपा - ३ बसेरी,<br>दोलखा | पांचधारा, काठमाण्डौ |
| ९४ |  | स.प्र.स.नि.<br>महेश महत्तरा क्षेत्री<br>९८४१३३८२७४ | झरनावति - ६, प्यूठान | झरनावति, प्यूठान |
| ९५ |  | स.प्र.स.नि.<br>बम बहादुर कोइराला<br>९८४२६५३९६९ | पृथ्वीनगर<br>वडा नं. - ४, झापा | स्वयम्भु, काठमाण्डौ |
| ९६ |  | स.प्र.स.नि.<br>विरेन्द्र कुमार मण्डल<br>९८०४३१९२७४ | मोरङ्ग उ.म.न.पा. ५<br>जमुनागाछी | |
| ९७ |  | स.प्र.स.नि.<br>नरेश साह<br>९८४१३३०७९ | सर्लाही मर्तिया ५ | |
| ९८ |  | स.प्र.स.नि.<br>लक्ष्मण खड्का<br>९८४१७६५२५० | रामकोट नागार्जुन<br>काठमाण्डौ | रामकोट नागार्जुन<br>काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ९९ |  | स.प्र.ब.ह.<br>चोक बहादुर रानाभाट<br>९८०२८१२५१७ | बैदि २ तनहु | नवलपरासी<br>गैडाकोट न.पा. १ |
| १०० |  | स.प्र.ब.ह.<br>शुक बहादुर थापामगर<br>९८४५१२३१९० | मकवानपुर<br>भिमफेदी ९<br>ज्यामिरे | |
| १०१ |  | स.प्र.ब.ह.<br>कमल खड्का<br>९८१९१४३७७४ | रुपकोट ४<br>कास्की | |
| १०२ |  | स.प्र.ब.ह.<br>सिताराम के.सी.<br>९८४१०५००४० | मरन्ठाना १ प्यूठान | |
| १०३ |  | स.प्र.ब.ह.<br>सन्त बहादुर थिंग<br>९८४२१४३९५७ | ओखलढुंगा<br>केतुके - २८ | ओखलढुंगा<br>केतुके - २८ |
| १०४ |  | स.प्र.ब.ह.<br>कमल बहादुर खड्का<br>९७४४०३७७५० | सिन्धुली<br>अरुणठाकुर - २ | सिन्धुली<br>अरुणठाकुर - २ |
| १०५ |  | स.प्र.ह.<br>सन्तोष श्रेष्ठ<br>९८५१०१७६०६ | झांगाझोली<br>रातामाटा-७, सिन्धुली | कलंकी,<br>काठमाण्डौ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| १०६ |  | स.प्र.ह.<br>मन कुमार लिम्बु<br>९८४१३६१४५६ | कीर्तिपुर-७<br>काठमाण्डौ | कीर्तिपुर-७<br>काठमाण्डौ |
| १०७ |  | स.प्र.ह.<br>राजु प्रसाद गौतम<br>९८४९१७२११९ | काभ्रेपलान्चोक ६<br>कात्तिके देउराली | काभ्रेपलान्चोक ६<br>कात्तिके देउराली |
| १०८ |  | स.प्र.ह.<br>सत्यनारायण मेहता<br>९८४९१७२९१९ | सुसरी राजगज<br>सिनुवारी ०९ | काठमाण्डौ<br>कलकी १४ |
| १०९ |  | स.प्र.ह.<br>पुष्कर दुलाल<br>९८६०६५८८८७ | भक्तपुर | भक्तपुर |
| ११० |  | स.प्र.ह.<br>ईलाम बहादुर बस्नेत<br>९८४१४१५२७२ | काठमाण्डौ-१६<br>ढुंगेधारा | काठमाण्डौ-१६<br>ढुंगेधारा |
| १११ |  | स.प्र.स.ह.<br>पूर्ण बहादुर तामाङ्<br>९८४१६२४६२८ | धादिङ्ग गा.वि.स. ५ | पोखरा<br>उ.म.न.पा.२० मलाम |
| ११२ |  | स.प्र.स.ह.<br>समित चन्द्र राजभण्डारी<br>९८५११६९२९४ | मकवानपुर ३<br>हेटौडा | काठमाण्डौ<br>पाँचधारा |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| ११३ |  | स.प्र.ज.<br>मन्धिर सिंह साउद<br>९८४९५०८४७९ | मौनेली - ६, बैतडी | बानेश्वर,<br>काठमाण्डौ |
| ११४ |  | स.प्र.ज.<br>गंगादत्त पुडासैनी<br>९८४९२४१७७४ | हटिया वडा नं. - ४<br>दाबिले, मकवानपुर | हेटौडा,<br>मकवानपुर |
| ११५ |  | स.प्र.ज.<br>पुरुषोत्तम के.सी.<br>९८४९२७९२६० | भीमेश्वर न.पा. ११<br>दोलखा | भीमेश्वर<br>न.पा. ११<br>दोलखा |
| ११६ |  | श्रीमती राधिका खड्का क्षेत्री<br>(वीरगति प्राप्त सप्रनि शिर बहादुर खड्का)<br>९८४९८१८२२६ | मरन्ठाना<br>गा.वि.स.-५, प्यूठान | जोरपाटी,<br>काठमाण्डौ |
| ११७ |  | श्रीमती मुना बस्नेत<br>(वीरगति प्राप्त सप्रबह ओम बहादुर वस्नेत)<br>९८४१९३११८२ | प्रिती-५, रामेछाप | दक्षिणढोका,<br>काठमाण्डौ |
| ११८ |  | श्रीमती जमुना कुमाल (आमा)<br>(वीरगति प्राप्त सप्रबह रामकृष्ण कुमाल)<br>९८०३८१९०६२ | ब्यास-६<br>साँगेसेरा, तनहू | ब्यास-६<br>साँगेसेरा, तनहू |
| ११९ |  | श्रीमती विष्णुमाया रानाभाट<br>(वीरगति प्राप्त सप्रसह राजु रानाभाट)<br>९८४६४८७९२९ | ब्यास-१, हाईस्कूल,<br>तनहू | ब्यास - १<br>हाईस्कूल, तनहू |
| १२० |  | श्रीमती ईश्वरी कार्की<br>(वीरगति प्राप्त सप्रसह नारायण ध्वज कार्की)<br>९८४१६१६९५५ | थुम्पाखार-३,<br>सिन्धुपाल्चोक | कपन,<br>काठमाण्डौ |
| १२१ |  | श्रीमती गीता दराई<br>(वीरगति प्राप्त सप्रज हस्त बहादुर दराई)<br>९८४६६२६२६० | ब्यास-१<br>भादगाऊँ, तनहूँ | ब्यास-१<br>भादगाऊँ, तनहूँ |

| सि.नं. | फोटो | अवकाश हुँदाको दर्जा र नाम थर | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|
| १२२ |  | श्रीमती तुलसी बस्नेत<br>(वीरगति प्राप्त सप्रनि हरि बहादुर बस्नेत)<br>९८४१३३४१४१ | नैकाप<br>काठमाण्डौं | नैकाप<br>काठमाण्डौं |
| १२३ |  | श्रीमती धन कुमारी बाँनिया<br>(वीरगति प्राप्त स्व. लक्ष्मण सिजदेल)<br>९८०३०३०९४ | का.जि. जीतपुर ०३ | का.जि.<br>जीतपुर ०३ |
| १२४ |  | श्रीमती सरस्वती बस्नेत<br>(वीरगति प्राप्त सप्रह ढक ब.बस्नेत)<br>९८४११३६५८ | कोगेल ०८ सोलुखुम्बु | काठमाण्डौं |





**सनराइज ज्वेलर्स**

गहना विक्री पसल चावहिल चोक, चन्द्र विनायक मार्ग, काठमाडौं

फोन : ४४९५२००, ४४६४७९६ (पसल)

**Keshav Kumar Shrestha**
*Chairman*
Cell : 9851108806

**Nabaraj Silwal**
**Punam Thapa**
**Kalpana Timilsina (Shrestha)**




# Security Guru Service (P.) Ltd.
# Sulav Sewa Nepal (P.) Ltd.

G.P.O. Box : 19562, Sitapaila
Kathmandu, Nepal
Tel : 00977-1-4280722
Fax : 00977-1-4280722
Email : sulavsewa@gmail.com





**Our Services**

- Security Guard Training
- Body Guard + (Marshal Art, Judo, Karate)
- College, School Hostel Guard
- Bank, Finance, Insurance any Investment Company Guard
- Hospital Guard
- Block (Tole) Mobile Security Guard
- Shopping Complex, Hotel, Housing & Home Guard
- Industries Guard
- Project & NGO, INGO Guard
- Money Transfer Guard
- Intelligence Guard
- Any Other Sectors Guard
- Daily Basic Guard (For any program, Party Palace etc.)


जति जति सशस्त्र प्रहरी बल बाट अवकास हुने कर्मचारीहरुको संख्या बढोत्तरी हुदै जान्छ सोही अनुपातमा संघको सदस्यता संख्यामा पनि बृद्धी हुदै जाने हो । तर भर्खरै १५ बसन्त पार गर्दै गरेको संगठनमा सुरु स्थापना कालमा नै भर्ना भएका कर्मचारीहरुको सेवा अवधि पनि १५ बर्ष पनि पुगेको हैन थोरै संख्यामा नेपाली सेना र नेपाल प्रहरीबाट ल्याईएका कर्मचारीहरुले मात्रै क्रमश अवकास लिदै जाने क्रम बढेको छ । प्रर्याप्त जनशक्तीको अभावमा चाहेर पनि संघको बिस्तार विकास हुन सकिरहेको छैन । संघ विस्तारको पुर्वाधार स्वरुप केन्द्रिय प्रतिनिधी र क्षेत्रिय संयोजक भई अवश्यक व्यबस्थापन गर्न सहज होस भन्ने उदेश्यले विभिन्न व्यक्तित्वहरुलाई केन्द्रिय परिषद्को सभाले क्षेत्रिय अध्यक्षको जिम्मेवारी दिए अनुसार उपत्यका र मध्य क्षेत्र मात्र हैन जिल्ला स्तरमा समेत संघको गठन हुने क्रम बढेको छ । जुन क्षेत्र र जिल्लाहरुमा सदस्यहरुको संख्या बढ्छ त्यही त्यही ठाँउहरु मा सोही स्तरको समिति गठन गर्दै लैजाने निती पनि संघले लिएको छ ।

सबै भन्दा पहिला क्षेत्रिय तथा जिल्ला स्तरका समितिहरु गठन गर्न सफल हुनु भएका व्यक्तित्वहरुलाई केन्द्रिय कार्यकारीणी समितीको बैठकबाट धन्यबाद ज्ञापन गर्ने निर्णय पनि भएको छ । सम्पर्कमा नरहेका आजीवन वा सक्रिय सदस्यता नलिनुभएका सदस्यहरुलाई पनि उक्त सदस्यता लिन क्षेत्रिय तथा जिल्ला समितीहरुको गठनले अझ सहज बनाउने विश्वास गरिएको छ । हालसम्म गठन भएको उपत्यका, मध्य क्षेत्र र नुवाकोट जिल्ला स्तरको समिति गठनमा सहयोग पुऱ्याउनु हुने आजीवन तथा सक्रिय सदस्यहरुको विबरण सहित समितीको बनावट निम्नानुसार रहेको छ ।

# बर्तमान उपत्यका क्षेत्रीय कार्य समितिका पदाधिकारीज्यूहरू



अध्यक्ष
**श्री कमल बस्नेत**
स.प्र.ना.म.नि. (अ.प्रा.)



उपाध्यक्ष
**श्री प्रल्हाद के.सी.**
स.प्र.ब.उ. (अ.प्रा.)



सचिव
**श्री कविराज श्रेष्ठ**
स.प्र.उ. (अ.प्रा.)



सह–सचिव
**श्री मान बहादुर कमर**
स.प्र.ना.उ. (अ.प्रा.)



कोषाध्यक्ष
**श्री केशव कुमार श्रेष्ठ**
स.प्र.नि. (अ.प्रा.)



सदस्य
**श्री शिव बहादुर मल्ल**
स.प्र.उ. (अ.प्रा.)



सदस्य
**श्री रामजी अधिकारी**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

सदस्य
**श्री चित्र बहादुर सारू**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

सदस्य
**श्री दिल बहादुर खत्री**
स.प्र.ना.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

सदस्य
**श्री केशव दाहाल**
स.प्र.स.नि. (अ.प्रा.)



सदस्य
**श्रीमती रितु गुरूङ्ग**
विरगति प्राप्त
स.प्र.ना.उ. गम बहादुर गुरुङ्ग



सदस्य
**श्रीमती तुल्सी बस्नेत**
विरगति प्राप्त
स.प्र.नि. शिर बहादुर बस्नेत

# बर्तमान मध्ये क्षेत्रीय कार्य समितिका पदाधिकारीज्यूहरु



अध्यक्ष
**श्री कृष्ण बहादुर विष्ट**
स.प्र.अ.म.नि. (अ.प्रा.)



उपाध्यक्ष
**श्री महावीर गुरुङ**
स.प्र.ना.म.नि. (अ.प्रा.)



सचिव
**श्री पारसमणी रोकाय**
स.प्र.नि. (अ.प्रा.)



कोषाध्यक्ष
**श्री नकुल थापा**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री भगवान श्रेष्ठ**
स.प्र.ना.नि. (अ.प्रा.)



सदस्य
**श्री रुद्र बहादुर पुलामी**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री दिपकराज पन्त**
स.प्र.नि. (अ.प्रा.)



सदस्य
**श्री ओम कुमार श्रेष्ठ**
स.प्र.स.नि. (अ.प्रा.)



सदस्य
**श्री तिलक बहादुर खड्का**
स.प्र.स.नि. (अ.प्रा.)



सदस्य
**श्रीमती मुना बस्नेत**
वीरगति प्राप्त स.प्र.व.ह.ओम बहादुर बस्नेत



सदस्य
**श्रीमती ईश्वरी कार्की**
विरगति प्राप्त स.प्र.ह. नारायणध्वज कार्की

# नुवाकोट जिल्ला संघका वर्तमान कार्य समितिका पदाधिकारीज्यूहरू



अध्यक्ष
**श्री केदार बहादुर खड्का**
स.प्र.ना.उ. (अ.प्रा.)



उपाध्यक्ष
**श्री रूद्र बहादुर पुलामी**
स.प्र.ना.उ. (अ.प्रा.)



सचिव
**श्री जगन बहादुर खड्का**
स.प्र.ना.उ. (अ.प्रा.)



सह–सचिव
**श्री श्याम बहादुर तामाङ्ग**
स.प्र.नि. (अ.प्रा.)



कोषाध्यक्ष
**श्री शिवनाथ आचार्य**
स.प्र.ना.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

सदस्य
**श्री दिल बहादुर खत्री**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री नारायण बहादुर थापा**
स.प्र.नि. (अ.प्रा.)



सदस्य
**श्री भीमसेन थापा**
स.प्र.नि. (अ.प्रा.)



सदस्य
**श्री अर्जुन दुङ्गाना**
स.प्र.नि. (अ.प्रा.)



सदस्य
**श्रीमती जीव लक्ष्मी थापा**
वीरगति प्राप्त स.प्र.नि.दिपक थापा

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

सदस्य
**श्रीमती सरिता गुरूङ्ग**

# पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्, नेपालको परिचय

नेपालको निजामती, सैनिक, सशस्त्र र जनपद प्रहरी सेवामा रही निवृत्त भएकाहरुको राष्ट्रिय स्तरको गैर राजनीतिक संगठनहरुको रुपमा "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्, नेपाल" नामक संस्था २०६८ सालमा स्थापित भएको छ । राष्ट्रको दीर्घकाल पर्यन्त सेवा गरी निजामती, सैनिक, प्रहरी र यस्तै अन्य सेवाबाट निवृत्त भएका राष्ट्रसेवकले विधि विधान ऐन कानूनबाट प्रत्याभूत गरिए अनुसार निवृत्तिभरण पाउनु निवृत्तहरुको हक अधिकार हो भने, त्यसै गरी राष्ट्रसेवामा रही राज्यको लगानी तथा व्यक्तिगत प्रयासमा आर्जेको ज्ञान, सीप, अनुभव, योग्यता र दक्षता राष्ट्रकै अमूल्य सम्पति हो भन्ने यथार्थतालाई पनि निवृत्त राष्ट्रसेवकहरुले बुझ्नु पर्ने तथ्य हो । देश र देशवासीको सेवामा आफ्नो अमूल्य समय व्यतित गरेवापत राज्यले लामो समय सेवा पश्चात जीवन निर्वाहको स्रोत जुटाई दिनु राज्यको दायित्व हो भने नेपाली जनताले तिरेको करबाट निवृत्तभरण प्राप्त गर्ने पूर्व राष्ट्रसेवकहरुले पनि आ-आफ्नो शारीरिक क्षमताले सक्दासम्म राज्य र जनतालाई प्रतिफल दिनु उसको नैतिक दायित्व हो । उल्लेखित उच्च मानवीय आदर्शबाट यस परिषद्को स्थापना भएको हो । यही उदात्त भावनाले अभिप्रेरित आफ्नो अवकाशित जीवन पनि राष्ट्रको श्रीवृद्धि, रक्षा, सुरक्षा र विकासका लागि समर्पित गर्ने यस परिषद्सँग आवद्धहरुको मूल लक्ष्य रहेको छ ।

**उद्देश्य** :

विधानको धारा ४ को उपधारा (क) देखि (ख) सम्म जे जति उद्देश्य राखिएको छ त्यसमध्ये मुख्यतः

क) यो परिषद गैरनाफामूलक, गैर राजनीतिक तथा मुनाफारहित बहुउद्देश्यीय जनहितकारी सामाजिक सँस्थाको रुपमा स्थापित भएको छ ।

ख) परिषदमा आवद्ध सेवानिवृत्त राष्ट्रसेवकहरुले सेवामा रहँदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक लगायत पूर्व राष्ट्रसेवकका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो परिषद प्रयासरत हुनेछ ।

ग) परिषदले पूर्व राष्ट्रसेवकका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

घ) परिषदले द्वन्द्वबाट विस्थापित पूर्व राष्ट्रसेवक र अन्य पीडित व्यक्तिहरुको मनोसामाजिक समस्याको अध्ययन गरी उनीहरुको हकहितको संरक्षण एवं पुनर्स्थापनाको निमित्त आवश्यकता अनुसार सहयोग पुऱ्याउनेछ ।

ङ) वृद्ध-वृद्धाहरु, पूर्वराष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकमा पिछडिएको वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमूलक योजना, तालिम र कार्यक्रमहरु सञ्चालनका लागि प्रयास गर्नेछ ।

च) परिषदले राष्ट्रलाई आवश्यक परेका जुनसुकै बेलामा पनि राष्ट्रियहितको लागि पूर्वराष्ट्रसेवकहरुबाट सम्भव भएसम्म सहयोग उपलब्ध गराउने कोशिस गर्नेछ ।

छ) परिषदले जनहितका लागि चेतनामूलक कार्यक्रम, सीपमूलक तालिम सञ्चालन गर्ने र नियमित रुपमा परिषदको मुखपत्र प्रकाशन गर्नेछ ।

ज) परिषदले सामाजिक तथा राष्ट्रिय महत्वका विविध विषयहरुमा खोजमूलक अनुसन्धान गर्नेछ ।

झ) परिषदले सुशासन स्थापित गर्न र भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिनेछ ।

ञ) पूर्व राष्ट्रसेवकहरुबीच एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको

रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

ट) पूर्व राष्ट्रसेवककहरुले आर्जित गरेको अनुभव, ज्ञान, सीप, योग्यता र क्षमतालाई राज्यका विभिन्न क्षेत्रमा उपयोग गराउँदै राष्ट्रिय विकासका लागि बंगलादेशको मोडलमा संलग्न गरिनु उपयुक्त हुने देखिन्छ । राज्यले आम नागरिकका लागि लागू गर्ने वा गरेको नीति र कार्यक्रमका सम्बन्धमा जनताले असहमति जनाउने वा जनाएको अवस्था उत्पन्न हुँदा सार्वजनिक संवाद र समन्वयकर्ताको रुपमा आवश्यक पहल गर्ने र उपयुक्त भूमिकाको खोजी गर्नेछ ।

ठ) यस परिषदले दलगत राजनीतिक प्रभावबाट मुक्त रही सचेत नागरिक समाजको रुपमा राष्ट्रिय हितका विषयमा सरकार र सम्बन्धित निकायहरुबाट सञ्चालित राष्ट्रिय कार्यक्रमका अन्तर्निहित विषयवस्तुहरुको समय समयमा अध्ययन र विश्लेषण गरी सम्बन्धित निकायलाई लिखित वा मौखिक रचनात्मक सुझाव दिनेछ ।

ड) विश्वको बदलिँदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसँग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिक हितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

ढ) पूर्व राष्ट्रसेवक, तिनका परिवार र क्षमताले भ्याएमा समाजको विभिन्न क्षेत्रमा सर्वोत्तम विकास र हकहित रक्षाको लागि केन्द्रदेखि स्थानीय स्तरसम्ममा विविध कार्य सञ्चालन गर्न प्रयास गर्नेछ ।

**परिषद्को सदस्यता सम्बन्धी व्यवस्था** :

१. परिषद् 'सार्क' को संगठनात्मक ढाँचामा स्थापित विशिष्ट प्रकारको संगठन हो ।

२. यो परिषद् राज्यका कुनै पनि सेवा क्षेत्रमा रही निवृत्त भएका "पूर्व कर्मचारी सेवा परिषद् नेपाल, नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ, नेपाल पूर्व प्रहरी संगठन र नेपाल पूर्व सशस्त्र प्रहरी संघ वा यस्तै समान प्रकृती र चरित्रका अन्य कुनै पूर्व राष्ट्रसेवकहरुको राष्ट्रिय स्तरको संगठनहरु" *समेतलाई* आवद्धता प्रदान गर्न सकिने बैधानिक प्रावधान राखी केन्द्रीय स्तरका पूर्वराष्ट्रसेवक संगठनहरुको साझा संगठनको रुपमा स्थापित भएको छ । संस्थापक संगठन वा पछि आवद्धता प्राप्त गर्ने कुनै पनि संगठनमध्ये कम्तिमा कुनै एउटा संगठनको सदस्य हुने योग्यता हासिल गरेको व्यक्ति वा (पूर्व राष्ट्रसेवक) यस परिषद्को प्रारम्भिक सदस्य मानिएको छ । तर त्यस्ता प्रारम्भिक सदस्य मानिएका पूर्व राष्ट्रसेवकले यस समन्वय परिषद्को सक्रिय सदस्यको रुपमा रही कार्य गर्न चाहेमा आफ्नो सेवा क्षेत्र सम्बन्धी संगठनका विधि विधान र प्रक्रिया पुरा गरी एकद्वार प्रणालीबाट मात्र विधिवत यस समन्वय परिषद्को सभा कार्य समितिमा वा अध्यक्ष मण्डलको सदस्य/अध्यक्षका रुपमा भूमिका खेल्न सक्छ ।

३. यस परिषद्मा देहाय बमोजिमका सदस्यको व्यवस्था रहेको छ ।

(क) संस्थापक संगठनहरु

(ख) आवद्धता प्राप्त संगठित संस्था

(ग) मानार्थ सदस्य

(घ) अतिथि सल्लाहकार (सदस्य)

(ङ) विशिष्ट सल्लाहकार (सदस्य)

(च) विषय विशेषज्ञ सल्लाहकार (सदस्य)

४. अध्यक्ष मण्डल : यस परिषद्का संस्थापक संगठनका अध्यक्ष/सभापतिहरु अध्यक्ष मण्डलका सदस्य हुने, त्यही अध्यक्ष मण्डलले नै आफूमध्येबाट परिषद्को अध्यक्षको चयन गर्ने, अध्यक्ष र अध्यक्ष मण्डल परिषद्को उच्चतम सम्मानित निकायको रुपमा रहने र पछि आवद्धता प्राप्त गर्ने संगठनका अध्यक्ष/सभापतिलाई परिषद्को अध्यक्ष मण्डलबाट उपयुक्त स्थान प्रदान गर्ने व्यवस्था परिषद्को "सदस्य प्राप्तिको लागि आवश्यक योग्यता" सम्बन्धी विधि विधानको दफा ६ र ७ मा तोकिएको छ ।

Approved by Nepal Government
Regd. Lic. No. : 87248/068/069

# नागरिक सेक्युरिटी सर्भिस प्रा.लि.
# Nagarik Security Service (P.) Ltd.

Kathmandu-35, Koteshwor, Jadibuti, Nepal
Phone : 01-4992795, 6210488
Email : info.nagarikss@gmail.com
Website : www.nagariksecurity.com.np



## Our Services

- Security Guard Training
- Body Guard + (Marshal Art, Judo, Karate)
- College, School Hostel Guard
- Bank, Finance, Insurance any Investment Company Guard
- Hospital Guard
- Block (Tole) Mobile Security Guard
- Shopping Complex, Hotel, Housing & Home Guard
- Industries Guard
- Project & NGO, INGO Guard
- Money Transfer Guard
- Intelligence Guard
- Any Other Sectors Guard
- Daily Basic Guard (For any program, Party Palace etc.)

Faithful, a quality security guard suppliers & training, CCTV Camera, Fire extinguisher, metal detector with all kinds of Security accessories suppliers.










## मिलन बाबु मल्ल

कुमारीपाटी २०, ललितपुर, नेपाल
फोन नं: ९७७-१-५५५५८८९/८९०, ५५२७१४९ फ्याक्स: ९७७-१-५५४४६०१, मोबाईल: ९८५१०२४७५६
इमेल : mallamilan@yahoo.com, mbm@risikyamaha.com

# सुरक्षा निकायमा लागु भएको ३० बर्षे सेवा अवधि सम्बन्धि विश्लेषण

– कृष्ण बहादुर विष्ट



कुनै पनि सेवामा प्रवेश गर्ने व्यक्तिले आफ्नो सेवा र पेशाको सुरक्षा चाहनु स्वभाविक हो । त्यसमा पनि सुरक्षा क्षेत्रमा काम गर्ने कर्मचारीको सेवाको सुरक्षा हुनु अत्यन्त आवश्यक हुन्छ । सुरक्षा सेवामा काम गर्ने कर्मचारी वा संस्थाबाट नागरिकले उच्चतम र भरपर्दो सेवाको अपेक्षा राख्दछन् । तर कुनैपनि कर्मचारीबाट सेवाग्राहीलाई दिईने सेवा र उसको आफ्नो सेवाको सुरक्षा विच अन्तरसम्बन्ध रहेको हुन्छ । आफ्नो पेशा वा सेवाको सुरक्षा नहुँदा व्यक्तिको पहलता, मनोबल र कार्य दक्षतामा समेत प्रत्यक्ष असर पर्दछ र उसले प्रदान गर्ने सेवा समेत प्रभावित हुन्छ । संक्षेपमा भन्दा पेशागत सुरक्षाले सबैको मनोबललाई उच्च राख्दछ र सेवा समेत गुणस्तरीय हुन्छ ।

उमेरको हद र पदावधी मध्ये कुनै एक अवस्था पुरा भई कर्मचारी सेवा अवकाश हुने सामान्यतया वैज्ञानिक र प्राकृतिक नियम नै हो । यही व्यवस्था विश्वका अधिकांश मुलुकहरुमा अवलम्वन गरेको पाईएको छ । नेपालमा विगत २०४७ सालको राजनैतिक परिवर्तन पछि कर्मचारीतन्त्रको ऐन नियमहरुमा समय सापेक्ष परिवर्तन गर्ने सोँचमा सरकारले निजामती तथा प्रहरी निकायहरुमा एक भरपर्दो र व्यवहारीक अध्ययन नै नगरी ऐन नियमहरु परिवर्तन गरेको देखिन्छ । वास्तवमा ऐन नियमहरुलाई समय सापेक्ष वनाउनु सरकारी दायित्व नै हो र यसलाई सकारात्मक रुपमै लिनु पर्छ । तर ऐन नियम परिमार्जन गर्नु अघि सबै पक्ष सम्मिलित एक समिति वनाई वृहत अध्ययन गरी संशोधित ऐन वा नियमले सम्बन्धित संगठन वा निकायमा कस्तो असर पार्दछ भन्ने व्यापक विश्लेषण पछि दीर्घकालिन सोचका साथ परिमार्जन गर्नु उपयुक्त हुन्छ । सरकारले २०४८ सालमा निजामती लगायत प्रहरी सेवामा समेत ३० वर्षे प्रावधान लागु गर्दा प्रशासनिक संयन्त्र नै निश्प्रभावि हुन लागेकाले उक्त प्रावधान पछि हटाईएको पनि थियो । अहिले आएर पुनः सशस्त्र प्रहरी, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई चुस्त र दुरुस्त राख्न भनी यो व्यवस्था विना विश्लेषण लागु गरेको देखिन्छ ।

यो प्रावधानले खास गरी सशस्त्र र नेपाल प्रहरी तत्कालै नराम्ररी प्रभावित हुने देखिन्छ । किनकी यी दुबै संगठनमा एउटै व्याचमा भर्ना भएका अधिकृतहरु कोही संगठनकै नेतृत्वमा छन् भने कोही संगठनको दोस्रो तथा तेस्रो दर्जा र तहमा कार्यरत छन् । यो प्रावधानका कारण यी सबैले एकै पटक अवकाश पाउदा कस्तो समस्या खडा हुन्छ ? भन्ने तथ्य अवगत गराउनु मात्र यो विश्लेषणको अभिप्राय हो । पेशा र दायित्वको हिसाबले एउटै क्षेत्रमा कार्यरत नेपालका वर्तमान सुरक्षा निकायहरु (नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) मा कार्यरत कर्मचारीहरुको सेवा निवृत्त हुने अवस्थाहरु संगठन अनुसार फरक-फरक रहेका कारणले नेपाली सेना बाहेक अन्य सुरक्षा निकायहरुमा कहिले सेवाकाल थप्ने र कहिले घटाउने कारणले ति संगठनहरुको कार्य सम्पादन र चेन अफ कमाण्डमा ठुलो खाडल देखा परेको र विवादमा आएको कुरा हामी सामु प्रष्ट छ तसर्थ ति संगठनहरुको विद्यमान ऐन नियमलाई पुनरावलोकन गरी नेतृत्व र चेन अफ कमाण्डलाई नियमित  र सहज पार्न अत्यन्त जरुरी देखिन्छ ।

राजनैतिक वा अन्य कुनै प्रभावमा काम गर्ने सुरक्षा संयन्त्रले जनताको अपेक्षा अनुरुपको सुरक्षा सेवा प्रदान गर्न सक्दैन र अन्तमा मुलुक असुरक्षामा फस्छ। यसको उदाहरणमा विश्वका विभिन्न द्वन्दग्रस्त मुलुकहरुलाई हेर्दा पुग्छ। त्यसैले राज्यले सुरक्षा संयन्त्र र संरचनात्मक स्वरुपलाई स्थायित्व प्रदान गर्नु अत्यन्तै जरुरी हुन्छ। कर्मचारीतन्त्र वा सुरक्षा संयन्त्रमा कुनै आग्रह वा पुर्वाग्रहमा जताभावी हस्तक्षेपकारी भूमिका निर्वाह गर्दा संयन्त्र र कर्मचारीमा कार्यगत विचलन पैदा हुन्छ, जसको प्रत्यक्ष असर संगठनमा भन्दा राज्य र जनतामा पर्न जान्छ। सरकारले हालै लागू गरेको ३० वर्षे अनिवार्य अवकाशको प्रावधानले सुरक्षा निकायहरुमा शुरुमै नकरात्मक असर देखा परिसकेकोले भावी दिनमा दैनिक कार्य सञ्चालन झन् वढी नराम्ररी प्रभावित हुनसक्छ। त्यसैले तत्काल हेर्दा सामान्य जस्तो लागेपनि यसले पुऱ्याउने दुरगामी असरलाई कसैले पनि नजरअन्दाज गर्न मिल्दैन। यो प्रावधानका असरहरुलाई तुलनात्मक हिसावले निम्नानुसार थप विश्लेषण गरी प्रष्ट पार्ने प्रयास गरिएको छ :-

**३० वर्षे प्रावधानका असरहरु**

**१. सेवा असुरक्षित हुने :**

सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुले सेवा अवकाश पाउने निश्चित र वैज्ञानिक प्रक्रिया पदावधी र उमेरको हद नै हो। पछि लागू गरिएको थप ३० वर्षे प्रावधानले विभिन्न समस्या देखापरेको छ। दर्जागत हिसावले पदावधी र उमेरको हद सम्म सेवा गर्न पाईने व्यवस्था भैराखेकोमा अकस्मात ३० वर्षे लगाउदा अवकाश प्राप्त कर्मचारीले असुरक्षा महशुस त गर्छ नै वाहालवाला अन्य कर्मचारीहरुको हौसलामा समेत असर पर्छ। पटक-पटक लागू र खारेज हुने ३० र ३२ वर्षे प्रावधानले कर्मचारीलाई सधैं त्रासमा राखेकोले उसले सेवामा भन्दा नोकरी जोगाउनलाई बढी ध्यान दिनु पर्ने परिस्थीतीको सृजना भएको छ। विद्यमान ऐन र नियमावलीलाई हेर्दा सेवा अवकाश हुने व्यवस्था पनि फरक छ। दुबैमा एकै व्यवस्था राख्दा भरपर्दो र कर्मचारीको पेशागत सुरक्षा बलियो हुन्छ। सशस्त्र प्रहरी ऐन २०५८ को दफा ९ (२) अनुसार स.प्र.म.नि.को पदावधी ४ वर्ष र अन्य राजपत्राङ्कित अधिकृतको पदावधी तोकीए बमोजिम हुनेछ भन्ने मात्र व्यवस्था छ तर नियमावलीमा सो व्यवस्थाका साथै उमेरको हद र ३० वर्षे सेवा अवधी जस्ता थप व्यवस्था गरिएको छ। यसैले गर्दा पनि दुरासयपुर्ण तरीकाले ऐन र नियमको स्वविवेकीय व्याख्या गरी कर्मचारीलाई पद मुक्त गर्ने परम्परा बसेको छ र भोलीका दिनमा त्यसले निरन्तरता पाउने परिस्थीतीको विकाश भएको देखिन्छ। त्यसैले पनि कर्मचारीको सेवा अवकाशको लागि पदावधी र उमेरको हद दुबै व्यवस्थालाई ऐन र नियम दुबैमा उल्लेख गर्दा उपयोगी, व्यावहारिक र प्राकृतिक हुन्छ।

**२. अस्वस्थ प्रतिस्पर्धा :**

यो प्रावधानले संगठनको माथिल्लो तहदेखि तल्लो तहसम्म एउटै समयमा धेरैले अवकास पाउछन्। सेवामा संगै प्रवेश गरेका व्यक्तिहरु संगठन प्रमुख देखी लिएर दोश्रो तथा तेश्रो हुदै तलसम्म रहने भएकोले सधै चलखेल भैरहने अवस्था सृजना हुन्छ। जसरी भएपनि नेतृत्वमा रहेको व्यक्तिलाई हटाउने र आफू नेतृत्वमा पुग्ने प्रयासमा लाग्ने हुंदा आपसी अस्वस्थ प्रतिस्पर्धा हुन सक्छ। यसले संगठनको दैनिक क्रियाकलापमा नकारात्मक असर पार्दछ साथै संगठनको नेतृत्वमा बस्न मौका पाउने व्यक्तिले दोश्रो, तेश्रो लगाएत अन्य तहका सहपाठीहरुले सहयोग नपाउने भएकोले एक्लो महसुस पनि गर्दछ। त्यति मात्र होईन अन्तत्वगत्वा सुरक्षा

संगठनमा नभई नहुने Chain of Command ले आफ्नो Function गर्न नसक्ने अवस्था हुन्छ। अनुभव प्राप्त र दक्षता हासिल गरेका अधिकृतहरु एउटै लटमा अवकास हुदा नयाँ आउने नेतृत्व र उच्च तहका अधिकृतहरु अनुभव विहिन र कोरा हुने साथै उसले पनि पुरा अवधी कार्य गर्न नपाउदै सेवा बाट अवकाश पाउने भएकाले समग्रमा संगठनको Performance जनता सामु राम्रो देखिदैन। यसले गर्दा जनता, सरकार र संगठनले अपेक्षा गरे अनुरुपको सफलता प्राप्त गर्न सकिदैन।

३. **अपरिपक्व नेतृत्वको खतरा :**

हालै लागू गरिएको यो प्रावधानलाई सुरक्षाविज्ञहरुले समेत नकारात्मक तवरले चित्रण गर्न थालेका छन्। सामान्य प्राकृतिक नियमलाई हेर्दा पनि निश्चीत समय अवधी नपुगी कुनै पनि विरुवामा फूल फुल्दैन, फल लाग्दैन र पाग्दैन पनि। समय नपुगी फल पकाउन ईन्जेक्ट गर्दा फलको स्वाद कस्तो हुन्छ त्यो हामी सबैले चाखेकै छौं। संगठनको संरचना पनि त्यस्तै नै हो। यो प्रावधानले एआईजी बाट आईजी बन्नुपर्नेमा डिआईजी तथा एसएसपी बाट समेत आईजी बनाउनुपर्ने अवस्थाको सृजना हुन सक्ने भएकाले पदिय अनुभव नै नभएका व्यक्तिहरुलाई नेतृत्वमा पुर्‍याउनु पर्ने हुन्छ। यसो गर्दा उसबाट सम्पादित कार्य प्रत्युत्पादक हुन सक्दछ। सबै तहको अनुभव प्राप्त व्यक्तिलाई कमाण्ड गर्न जति सजिलो हुन्छ, त्यति सजिलो कमाण्ड ग्याप अर्थात सिधै तह नाघेर जानेलाई हुदैन। यसले गर्दा निश्चित रुपमा एउटा समस्या खडा हुन्छ। अझै भन्ने हो भने देश संघिय संरचनामा जान लागेको वर्तमान अवस्थामा सुरक्षा संयन्त्रलाई समेत सोही अवधारणामा परिवर्तन गर्नु पर्ने वहस चलिराखेको वेला एकै पटक धेरै कर्मचारी यो प्रावधानका कारण सेवा अवकाश हुने हुँदा कर्मचारी थप गर्नु पर्ने अवस्थामा उल्टै अनुभवी कर्मचारीहरु घट्ने हुनाले पनि यो प्रावधान त्यति व्यावहारिक देखिन्न।

भोलीका दिनमा अहिलेकै पदिय संरचनाले काम गर्छ भन्ने छैन। कतिपय पदलाई अपग्रेड गरी कार्य संचालन गर्नु पर्ने अवस्था अवश्य आउछ। तर त्यो वेला सम्म कतिपय पुराना र अनुभवि व्यक्तिहरुको सेवा अवधी पुरा भई अवकाश दिनुपर्ने अवस्था आईसकेकोले निम्न दर्जा र कम अनुभवका व्यक्तिलाई पदोन्नती गरी उच्च दर्जाको कार्यभार दिदा कस्तो प्रतिफल आउछ सहजै अनुमान गर्न सकिन्छ।

४. **सुरक्षा निकायमा हस्तक्षेप बढ्न सक्ने :**

विश्वका कतिपय अविकसित मुलुकका सुरक्षा निकायहरुमा राजनैतिक दल र तिनका विभिन्न भातृ संगठनहरुले आफ्नो प्रभाव बढाउदा सुरक्षा संयन्त्र नै पुर्ण रुपमा ध्वस्त भएको पाईएको छ। समयानुकुल सुरक्षा निकायका नियमहरु परिवर्तन गर्ने बहानामा पटक-पटक फरक-फरक प्रावधान राख्दा संगठनले स्थायित्व पनि पाउदैन साथै यसलाई सरकार बनाउने दल वा सरकारमा सहभागी अन्य दलले हतियारको रुपमा प्रयोग गर्ने डर रहन्छ। कुनै पनि वैज्ञानिक कारण बिना लागु गरिने यस्ता प्रावधानले आफ्नो पक्षको मान्छेलाई उच्च नेतृत्वमा पुर्‍याउनको लागि हुने नहुने सबैखाले क्रियाकलापले जरा गाड्न सक्छ। यसबाट सुरक्षा निकायको काम प्रभावकारी नहुने कुरा स्पष्ट छ।

५. **दक्ष जनशक्तिको अवसान :**

वर्तमान समयमा विभिन्न स्रोत साधन अभावका कारणले गर्दा कार्यक्षेत्रमा खटिने कर्मचारीहरुलाई आवश्यक विभिन्न तालीमहरु

दिन नसक्दा उनीहरुले प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सकेका छैनन । हरेक व्यक्तिहरु कार्यक्षेत्रमा जानु भन्दा अगाडि उसले सम्पादन गर्नुपर्ने कार्यका लागि तालिम अत्यन्तै महत्वपूर्ण हुन्छ । त्यसैले त्यस्ता कर्मचारीहरुले तालीम प्राप्त गरेको छ वा छैन सो विचार गरेर मात्र खटाउनुपर्ने हुन्छ । उमेर छदै तालिम प्रााप्त दक्ष र अनुभवी कर्मचारीले सेवाबाट अवकास लिदा ठुलो घाटा त छदैछ, राज्यले समेत त्यस्तै अनुभवी र दक्ष जनशक्ति जन्माउन थप ठूलो धनरासी खर्चनु पर्छ ।

पहिलो जन आन्दोलनको लगत्तै पछि जन निर्वाचित पहिलो सरकारले प्रशासनिक क्षेत्रमा ३० वर्षे सेवा अवधिको प्रावधान लागु गर्दा एकै पटक ठुलो संख्यामा माथिल्लो तहका प्रशासनिक पदहरु विशेष गरी सचिवहरु लाई अवकास दिदा ठुलो Vaccum सिर्जना हुनगई अनुभवहिन आला-कांचा व्यक्तिहरुको भिड मात्र बाकिरहन गई यस प्रावधान लाई खारेज गर्दा पुनः पहिलेकै अवस्थामा फर्किएको नजिर रहेको छ । प्रशासनिक क्षेत्रमा यो प्रावधान पुर्णत ! असफल नै सावित भै सकेको छ ।

६. **राज्यलाई थप आर्थिक व्ययभार–** सामान्यतया विद्यमान ऐन नियम अनुसार कर्मचारीहरुले २० वर्षमा स्वेच्छिक अवकाश लिने प्रावधान छ । २० वर्षको सेवा अवधी पश्चात सेवालाई निरन्तरता दिने कर्मचारीले लगभग आधा तलवमा राज्य र जनतालाई सेवा प्रदान गरिराखेका हुन्छन् । अझ भन्ने हो भने २५/३० वर्ष सेवा अवधी भएका कर्मचारीहरुले त करिब १/४ तलबमा सेवा प्रदान गरिराखेका छन् । यसैले ३० वर्ष सेवा अवधी पुरा गरेका कर्मचारीलाई अनिवार्य अवकाश दिदा राज्यले त्यस्ता कर्मचारीलाई दिने Pension रकम एकातर्फको आर्थिक व्यवहार हो भने अर्को तर्फ निजहरुको खाली ठाँउमा भर्ना वा बढुवा प्रक्रियाद्धारा पदपूर्ति गर्दा अर्को थप आर्थिक भार पर्न जान्छ ।

७. **नयाँ भर्ना, तालिम र व्यवस्थापनमा वढि समय लाग्ने–** कुनै समय यस्तो परिस्थीतीको सृजना हुन सक्छ । जुन बेला कर्मचारीको ३० वर्ष सेवा अवधी पुरा भई ठुलो संख्यामा सेवा अवकाश लिन्छन् र निजहरुका रिक्त स्थानमा एकातर्फ बढुवा र अर्कोतर्फ खाली हुने तल्लो दर्जामा खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्नु अनिवार्य हुन्छ । यसो गर्दा राज्य र संगठनले सो प्रक्रिया पुरा गरी सेवा निवृत्त कर्मचारी जस्तै दक्ष जनशक्ति उत्पादन गर्न र निजहरुको व्यवस्थापन गर्न ठुलो समय खर्चनु पर्ने हुन्छ । त्यसका लागि खटिने कर्मचारीले दिईराखेको सेवा समेत प्रभावित हुन्छ । त्यसैकारण हुनसक्छ कतिपय विकशित मुलुकहरुमा सेवा निवृत्त कर्मचारीलाई पुनर्नियुक्ति गरेको पनि देखिन्छ । उदाहरणको लागि छिमेकी मुलुक भारतमा पनि सेना बाट अवकाश लिएका कतिपय सैनिकहरु वि.एस.एफ., सि.आर.पि.एफ.मा भर्ना गरिएको पनि पाईएको छ ।

८. **केन्द्रिय, क्षेत्रिय र स्थानिय सेवा एकैपटक प्रभावित हुन सक्ने –** माथिका परिच्छेदमा संक्षिप्त उल्लेख गरिएभैंं एकैपटक भर्ना भएका सबै कर्मचारी एउटै दर्जामा नरहने तर दर्जागत हैसियतमा विभिन्न ईकाईमा प्रमुखको रुपमा कार्यरत रहिराखेको हुनसक्ने भएकोले यो प्रावधानका कारणले सबै एकैपटक अवकाश हुँदा तिनीहरु सबैबाट प्रदान भएको सेवा सबै एकैपटक प्रभावित हुन्छ । हो निजहरुको बदलामा सरुवा, बढुवा र पदस्थापनको प्रक्रियाद्धारा पदपूर्ति त हुन्छ तर आफ्नो एरिया वा ईकाइसंग परिचित व्यक्तिबाट सेवा प्रदान हुनु र नयाँबाट सोही काम हुनुमा अवश्य

भिन्नता हुन्छ । हेर्दा सामान्य प्रक्रिया लागे पनि यसको प्रभाव गहन रुपमा पर्दछ ।

९. **भ्रष्टाचारमा वृद्धि हुन सक्ने–** अहिलेको अवस्थामा पारिवारीक जिवन ढिलो शुरु गर्ने र सन्तान उत्पादन समेत ढिलो गर्ने परिपाटी चलेको हुदा नोकरीबाट अवकाश पाउदाको बखतसम्म सन्ततिहरुको शिक्षादिक्षा पूरा भईनसक्ने र आफूमै आश्रित रहने हुदा अवकाश प्राप्त कर्मचारीले सो का लागि पुनः रोजगारी खोज्नु पर्ने बाध्यता पर्दछ तर सबै अवकाश प्राप्त कर्मचारीले बाह्य रोजगार पाउने सुनिश्चितता छैन । विशिष्ट श्रेणीका अधिकृतहरुका लागि त्यस तहको रोजगारी पाउन गाह्रो हुन्छ । जसले गर्दा अवकाश हुनु अघि आर्थिक सुरक्षाका लागि त्यस्ता कर्मचारीहरुबाट भ्रष्टाचार हुन सक्ने सम्भावनालाई नकार्न सकिदैन । कानुनले भ्रष्टाचारलाई वर्जित गरेपनि यी विविध कारणले हाम्रा जस्ता मुलुकहरुमा भ्रष्टाचार महत्वकांक्षाका रुपमै रहेको देखिन्छ । ३० वर्षमा जसरी पनि उच्च नेतृत्वमा पुग्न पर्दछ र सम्भव नभएमा त्यो अवधीमा सेवा अवकाश पछि आवश्यक पर्ने सम्पति आर्जन गर्नु पर्छ भन्ने गलत सोचको विकाश हुन सक्छ ।

१०. **रोजगारीको अवसर सृजना हुने–** एकै पटक सेवा अवकाश पाएका कर्मचारीहरुको रिक्त स्थानमा बढुवा र नयाँ भर्नाद्धारा पदपूर्ति गर्दा कोरा, नयाँ र अदक्ष व्यक्ति र कर्मचारीले रोजगार र पदको अवसर पाउछन् तर दक्ष अनुभवी र वयस्क कर्मचारी वेरोजगार हुन्छन् । त्यस्तै तिनका आश्रित परिवारहरु पनि एकै पटक प्रभावित हुन्छन् । त्यसैले रोजगार भएकालाई वेरोजगार र आश्रितलाई असर पुऱ्याउनु भन्दा वेरोजगारहरुलाई राज्यले अरु विकल्पहरु खडा गरी अवसर प्रदान गर्नु उपयुक्त हुन्छ कि ! दक्ष जनशक्तिको अभाव संगठनलाई अवश्य हुन्छ । फौजको विशेषता र जिम्मेवारी वुभ्mन नयाँ व्यक्तिलाई समय अवश्य लाग्छ । त्यो वखत सम्म अप्रत्यक्ष रुपमा राज्यको सेवा प्रभावित भईराखेको हुन्छ ।

११. **नयाँ नेतृत्व र सोचको प्राप्ती-** यो प्रावधानले संगठनको धेरै पोजिशनहरु एकै पटक खाली हुदा पूर्ति हुने अन्य कर्मचारीले नयाँ नेतृत्व र सोच दिन सक्दछन् । तर यसमा भन्न खोजेको कुरा के हो भने उच्च नेतृत्व सम्हाल्न शारिरीक भन्दा मानसिक रुपमा सवल जनशक्ति संगठनको लागि अपरिहार्य हुन्छ । नयाँ नेतृत्व र सोचको नाममा परिपक्व नेतृत्वलाई हठात रुपमा हटाउदा कहिले काही संगठन नै धरासायी हुन पनि सक्छ । कुनै पनि संगठनलाई परिवर्तनसिल भन्दा स्थायी नेतृत्व कै आवश्यकता पर्दछ भन्नुमा अत्युक्ती नहोला । सकारात्मक सोचका साथ ३० वर्षमा उच्च नेतृत्वमा पुग्न चाहँदा सेवा अवकाश लिने कर्मचारीले एकै समुहमा भर्ना भएका कर्मचारीलाई जित्नको निमित्त नयाँ सोच र नयाँ अवधारणाका साथ अगाडी आउनु पर्ने भएकाले संगठनले नयाँ नेतृत्व र प्रतिष्पर्धाको भावना विकाश हुन त सक्छ तर कतिपय हाम्रो जस्तो अविकसित मुलुकको तथ्यले यसको ठिक उल्टो अस्वस्थ प्रतिष्पर्धा हुने गरेको देखाएको छ । हाम्रो देशमा पनि त्यस्तो नहोला भन्न सकिन्न ।

१२. **वृत्ति विकाशः-**

मानिसले जन्मेपछि मृत्यु नभए सम्मको अवधीमा प्राकृतिक नियमअनुसार उसको वाल्यावस्था, युवाअवस्था तथा वृद्धाअवस्थामा गर्नु पर्ने विभन्न कृयाकलापहरु हुन्छन् । त्यसै गरी कर्मचारीले सेवा प्रवेश गरेपछि त्यसको पनि वृत्ति विकासका सबै चरणहरु सहजरुपमा पार गर्दै अन्तमा अवकाश पाएमा त्यो प्राकृतिक

नियमसंग मेल खान्छ र उसबाट राज्यले आशा गरेको कुरा सहज रुपमा प्राप्त गर्न सक्दछ, तर जब त्यस प्रक्रियामा अनेक बहानामा बाधा अवरोध सृजना भै वृत्ति विकास नै रोकिने अथवा समय भन्दा निकै छिटो हुने भयो भने त्यसले संगठन तथा राज्य लाई नै प्रभावित पार्दै अन्तमा धराशायी वनाउन सक्दछ ।

त्यसैले कर्मचारीको स्वाभाविक वृत्ति विकासको क्रमलाई कुनै पनि बहानामा असर पार्ने तत्वहरु कुनै पनि बहानामा लागू गर्नु सान्दर्भिक हुन सक्दैन । त्यसको परिणाम स्वरुप सक्षम मानिसहरु त्यस्तो सेवामा प्रवेश गर्न रुचाउदैनन् र असक्षम व्यक्तिहरुको मात्रै बाहुल्यता हुन जान्छ र त्यस्तो संगठन बाट राज्यले आशातीत रुपमा अपक्षेत लक्ष्य हासिल गर्न सक्दैन ।

**१३. संगठनको निस्कृयताः-**

कुनै पनि संगठनमा वैज्ञानिक रुपमा लागू नगरिएको तथा सरकार परिवर्तन सँगै परिवर्तन गरिने सेवा अवधीको कारणले संगठनको नेतृत्व तहमा सधैं त्रास रहने र नेतृत्व तह जागिर जोगाउन वर्तमान सरकारमा मात्र निर्भर नभै त्यसपछि सरकारमा आउन सक्ने पार्टीहरु वा शक्ति केन्द्रहरु रिझाउनु पर्ने बाध्यता सिर्जना भै तत्कालिन सरकारले दिएको आदेश पूर्ण रुपमा कार्यान्वयन गराउन नसक्ने भै संगठनमा निष्कृयता बढ्न जाने हुन्छ । त्यसैले वैज्ञानिक र व्यवहारिक सेवा अवधी लागू भएमा विना डरत्रास काम गर्ने वातावरण सिर्जना हने कुरामा दुईमत हुन सक्दैन ।

**१४. अवैज्ञानिक तथा असमानः-**

सार्वजनिक सेवा, संस्थान, सेना, प्रहरीका साथै ऐनद्धारा गठन गरिएका संगठनमा कर्मचारी भर्ना गर्दा न्युनतम र निवृत्त गर्दा अधिकतम उमेरको हद निर्धारण गरिएको हुन्छ । एसिया प्रशान्त क्षेत्रका धेरै मुलुकमा साधारणतया १८ वर्षको उमेर सेवा प्रवेशको लागि र लगभग ६० वर्षको उमेर सेवा निवृत्तको उमेरको हद रहेको छ । संगठनको उद्धेश्य, कार्यप्रकृति, जोखिम आदि पक्षलाई ध्यानमा राखी सेवानिवृत्त हुने उमेर निर्धारण गरिन्छ । नेपालको सर्न्दभमा देशभित्र विभिन्न सेवामा कार्यरत कर्मचारीको निवृत्त हुने उमेर भिन्दा-भिन्दै रहेको र अर्कोतर्फ आम नेपालीको औषत आयु (Life Expectancy) क्रमशः बढ्दै ६५ वर्ष पुगेको पृष्ठभूमिमा विशेष गरी प्रहरीमा मात्र ३० वर्षे सेवा अवधी अवैज्ञानिक र असमान रहेको छ । उदाहरणको लागि १८ वर्षमा सेवा प्रवेश गर्ने कर्मचारी ४८ वर्षको युवा अवस्थामा (Young Energetic Age) मा नै निवृत्त हुन्छन् । प्रशासन संचालन, नीति निर्माण, योजना बनाउने जस्ता कार्यहरुमा अनुभवको महत्वपूर्ण स्थान रहने भएकोले र सरकारलाई आर्थिक दायित्व समेत कम पर्ने हुनाले ३० वर्षे सेवा अवधी अवैज्ञानिक रहेको छ । सरकारी लगानी, योग्यता, तालीम, प्रशिक्षण र अनुभवको आधारमा जव कुनै पनि कर्मचारी आफ्नो संगठनको Vision, Mision र Goal सफल बनाउन आफ्नो तर्फबाट योगदान दिन सक्ने हुन्छ त्यसैबेला उ सेवाबाट निवृत्त हुन्छ भने यो जति अवैज्ञानिक तथ्य अरु हुन सक्दैन ।

**संक्षेप**

संगठनलाई हरेक किसिमका व्यक्तिहरुको आवश्यकता पर्दछ । पुराना अनुभवले आगामी दिनको लागि योजना तयार गर्नुपर्दछ । ३० वर्षे सेवा अवधिको प्रावधानको कारणले अनुभवि जनशक्ति दिनदिनै घट्दै जान्छन । यसको कारणले विशिष्ट श्रेणीमा अनुभव हासिल गरेका उच्च तहका अधिकृतहरुले समुह समुहमा अवकास पाउने र उच्च तहमा नयाँ आएका अधिकृतहरु पनि अनुभव हासिल गर्न नपाउदै अवकास

पाउनाले संगठनमा अनुभवि व्यक्तिको आवश्यकता सदैव खड्कीन जान्छ। यसको कारणले Chain of Command मा पनि नकरात्मक असर पर्न जान्छ। नियम कानुनमा नियमितता नहुंदा भ्रष्टाचारले बढावा पाएको छ। देश संघियतामा प्रवेश गर्न लागेको समयमा अनुभवि जनशक्ति आगामी दिनहरुमा अझ बढी चाहिन्छ। उच्च मनोवलको लागि सेवाको सुरक्षा पनि हुनुपर्दछ। यसो भएमा मात्र कार्य सम्पादनमा प्रभावकारीता आउन गई देशको शान्ति सुरक्षामा पनि स्थायीत्व कायम गर्न सकिन्छ।

उदाहरणको रुपमा हामीले बोट विरुवा फलको लागि वा छाहरीको लागि रौप्छौं र विरुवा राम्रोसंग बढोस् हुर्कियोस् साथै फल र छाहरी राम्रो संग देओस् भनि समय-समयमा सुकेका/मक्किएका पुराना हांगा विगालाई कांटछाट गरी अलग गर्दछौं। जसलाई (Trimming) भनिन्छ। कुनै पनि बोट विरुवालाई (Trimming) गर्नुको बदला मुन्टो वा जरा नै काट्ने काम गर्‍यौ भने त्यो बोट विरुवाले न त राम्रो फल दिन्छ न त छाहरी नै दिन सक्छ। त्यसैले कुनै पनि संगठन खास गरी सुरक्षासंग सम्बन्धित संगठनलाई चुस्त दुरुस्त राख्नको लागि विशेष गरी माथिल्लो तहको कर्मचारीको हकमा बोट विरुवालाई जसरी समय-समयमा (Trimming) गरी जीवन्त राखिन्छ सोही सिद्धान्तको आधारमा पदावधिको आधारमा अवकास दिने व्यवस्था छ। उदाहरणको लागि सशस्त्र प्रहरी (पाँचौ संशोधन) नियमावली २०६५ को परिच्छेद ७ नियम ४९ को उपनियम १ र २ मा व्यवस्था गरिएको उमेर र पदावधीको आधारमा हुने अनिवार्य अवकाशको प्रावधान अनुसार संगठन प्रमुख IGP को ४ वर्ष, AIG र DIG को ५, SSP को ७ SP को १० वर्षे पदावधीको सेवा अवधी र उमेरको हकमा IGP को हकमा ५८ वर्ष AIG र DIG को ५६ वर्ष र त्यस भन्दा तल प्रत्येक दर्जामा एक वर्ष कम उमेरको हिसावले अवकास दिने प्रावधान रहेको छ र यो प्रावधान वैज्ञानिक तथा व्यावहारिक पनि देखिन्छ।

**(लेखक: अवकाश प्राप्त सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक हुनुहुन्छ)**


amrapali

**Amrapali Banquet Catering & Events**

Bhatbhateni (Baluwatar Road), Kathmandu, Nepal
Phone : 4428785, Email : amrapalicatering@gmail.com

Anmol

**Anmol Catering Service P. Ltd.**

Thapa Gaun, New Baneshwor, Kathmandu, Nepal
Phone : 4466861, 4477640, Email : anmolcatering@gmail.com

**१000 जना अट्ने क्षमता भएको भवनका साथै भरपर्दो सुरक्षा व्यवस्था**
**पर्याप्त पार्किङ्ग सहितको अति स्तरिय आधुनिक व्यान्क्वेट**

# ज्येष्ठ नागरिकका मनो-सामाजिक अवस्था



**–छत्र बहादुर प्रधान**

वृद्धावस्था अवश्यम्भावी विकास-प्रक्रिया हो । यसका साथमा शारीरिक, मनोवैज्ञानिक, ग्रन्थिसम्बन्धी तथा सामाजिक आदि धेरै अवस्थाहरू जोडिएर आउने गर्दछन । वृद्धावस्थालाई जोसुकैको जीवनको सबैभन्दा समस्यादायी अवस्थाका रूपमा बुझिन्छ । केही हदसम्म यो कुरा सही पनि हो । वृद्धवृद्धाहरू बढीभन्दा बढी अरूमाथि भर पर्दै जान्छन् । जब मानिसको उमेर बढ्दै जान्छ, उसको क्रियाकलाप तथा आयमा पनि कमी हुँदै जान्छ, परिवार र समाजमा पनि उसको हैसियत खस्कँदै जान्छ, अनि उसको जीवन अझ दुःखदायी बन्दै जान्छ । मानिस वृद्ध हुँदै गएपछि आफ्नै छोराछोरीले पनि आफूलाई बेवास्ता गरेजस्तो भान उसलाई पर्न थाल्दछ, केही समयपहिले आफूलाई गरिँदै आएको सम्मानमा पनि निकै कमी आएको उसलाई लाग्न थाल्दछ । ऊ आफूलाई बेवास्ता गरेको र आफ्नो बेइज्जती गरेको महसुस पनि गर्न थाल्दछ । परिणामतः ऊ अरूको साथमा रहने चाहना गर्न थाल्दछ ।

वृद्धवृद्धाहरूलाई अरूले ध्यान दिनैपर्ने हुन्छ । उनीहरू हाम्रो दया होइन, साथमा रहनेहरूबाट माया तथा स्याहारसहित उनीहरूप्रतिको सही बुझाइ चाहन्छन् । त्यसैले वृद्धवृद्धाहरूलाई निकै ठूलो सहायताको आवश्यकता पर्दछ । यहि सहायताले उनीहरूको जीवनशैलीलाई अक्षुण्ण राख्तछ र उनीहरूको समग्र जीवनको गुणस्तरमा पनि सुधार ल्याइदिन्छ ।

सफल वृद्धावस्थाका लागि मनोवैज्ञानिक स्रोतहरूका रूपमा केही कुराहरू सिफारिस गरिएका छन्, जस्तै : सकारात्मक दृष्टिकोण तथा आत्मसम्मान, आत्मविश्वास तथा जीवनमाथिको नियन्त्रणभाव, स्वायत्तता तथा स्वतन्त्रता, बदलिँदो परिवेशमा प्रभावकारी आत्मासातीकरण एवं अनुकूलताका रणनीतिहरू । विशिष्ट प्राध्यापक डा० बीएम हेजले आफ्नो विचार यसरी राखेका छन्ः– “वृद्धावस्थाका लागि सामाजिक सहयोग निकै राम्रो औषधि हो । त्यसबाट मन स्वस्थ हुन्छ र स्वस्थ मनले गर्दा नै वृद्धवृद्धाहरूमा केही उत्पादनमूलक र अझ बौद्धिक प्रकारका क्रियाकलापहरू जारी राख्न सक्छौँ भन्ने भावको विकास हुन्छ ।”

सजिलो मस्तिष्क महत्वपूर्ण कुरा त हो नै, तर आफूले सकुन्जेल आफ्नो शारीरिक बललाई कायमै राख्न सक्ने वृद्ध सफल वृद्ध हुन्छन् । ९० वर्षका वृद्धहरू दिनको तीन घन्टासम्म पौडी खेलेर रमाएको कुरा मैले पढेको छु । एउटी महिला आफू १०० वर्षकी हुँदासम्म पनि साइकल चढिरहन्थिन् । उनले आफ्नो शारीरिक बललाई कायमै राखेकी थिइन्, कारण साइकल चढ्न पनि बल नै चाहिन्छ । ९२ बर्षका बरिष्ट छाति बिशेषज्ञ एवं राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका अध्यक्ष डा गौरी शंकर लाल दास आजका दिन सम्म पूर्ण सकृय भएर ज्येष्ठ नागरिकको हक हीतको लागि नजाडो नगर्मि नपहाड नतराई सदा सर्वदा लागि पर्नु नै हाम्रो लागि प्रेरणाको स्रोत भएको कुरामा कसैको दुई मत नहोला ।

जैवीय चिकित्साप्रणालीले रोगरहित अवस्था र शारीरिक तथा मानसिक तवरमा सामान्य रूपमा काम गर्न सक्ने अवस्थालाई सफल बुढ्यौलीका रूपमा बुझेको छ भने समाज-मनोवैज्ञानिक पद्धतिले जीवनको सन्तुष्टि, सामाजिक सहभागिता तथा क्रियाशीलता र मनोवैज्ञानिक स्रोतहरूलगायत वैयक्तिक वृद्धिलाई जोड दिएको छ ।

अधिकांश समय हामीले विद्यमान भू-यथार्थलाई प्रतिबिम्बित गर्नका लागि निकै सामान्य तथ्यहरू प्रस्तुत गर्ने गर्दछौँ । वृद्ध नागरिकहरूको विषयलाई हामीले सावधानीपूर्वक सम्बोधन गर्नुपर्दछ । वृद्धवृद्धाहरूको मनो-सामाजिक पक्षचाहिँ उनीहरूको जैवीय चिकित्सापक्षभन्दा बढी महत्वपूर्ण छ । सशस्त्र बलको शारीरिक तालिम, एथलेटिक्स, मार्सल आर्टको तालिम, योगाभ्यास आदिले

वृद्धावस्थालाई केही फरक गर्न सकिन्छ भन्ने कुरा प्रमाणित गरिसकेका छन ।

वृद्धवृद्धाका लागि स्वास्थ्यसुरक्षा आनन्दमय जीवनको आधारभूत पूर्वसर्त नै हो । तर वृद्ध उमेरमा उनीहरूको स्वास्थ्य उनीहरूकै जीवनशैली र जीवनभरिको व्यवहारमा पनि भर पर्दछ । वृद्धवृद्धाको स्वास्थ्यको पहुँचप्रति नै हाम्रो नीति केन्द्रित हुनुपर्दछ । वृद्धवृद्धालाई रोग लागिसकेपछि गरिने स्याहार भन्दा पहिले नै उनीहरूको स्वास्थ्यमा सुधार गर्नु आवश्यक हुन्छ । मानिसहरू वृद्ध हुँदै गर्दा उनीहरूले आफ्नो सुस्वास्थ्यको तयारी पनि गरिहाल्नुपर्दछ । यसका लागि हरेक वृद्धवृद्धाका लागि आयको सुरक्षा मौलिक अधिकार बन्नुपर्दछ । हरेक समाज आफ्ना ज्येष्ठ नागरिकप्रति ऋणी हुनुपर्दछ । हरेक ज्येष्ठ नागरिकलाई पेन्सन (वृद्धभत्ता) को व्यवस्था गरिएको हुनुपर्दछ । आय-बचत, उपार्जनका उपायहरू, भत्ता जस्ता अन्य थप लाभका कुराहरू सबै वृद्धवृद्धाका लागि उपलब्ध गराउनुपर्दछ । यात्रामा छुट, स्याहारकर्ताका परिवारलाइ आकर्षित गराउन सरकारबाट लिईने बिभिन्न कर लगायतमा छुट प्रदान गरेर स्याहारगर्ने काममा आकर्षण गराउने नीतिको अबलम्वन गर्नु राम्रो हुन्छ । यी सबैका लागि विभिन्न संस्थाहरूले बहुआयामिक कार्यक्रमका रूपमा यिनीहरूको व्यवस्था गर्नुपर्दछ । वृद्धवृद्धाका लागि भावनात्मक सुरक्षा पनि निकै आवश्यक कुरा हो । केवल शारीरिक स्वास्थ्यले मात्रै व्यक्तिको सुखको मापन गर्न सकिँदैन । विशेषतः वृद्धावस्थामा मानिसहरूलाई सामाजिक अन्तर्क्रिया, उचित सम्मान, माया, आत्मिक सन्तुष्टि जस्ता कुराहरूको आवश्यकता पर्दछ । वृद्धवृद्धाहरू समाजका बोझ होइनन्, बरू अमूल्य सम्पत्ति हुन् भन्ने कुरा समाजमा स्थापित हुनु जरुरी छ । उनीहरूको विवेक र अनुभवको पूर्ण उपयोग गर्नुपर्दछ । यसका लागि पुस्तान्तरणको समस्यालाई आमसञ्चार, शिक्षा र धार्मिक सङ्गठनहरूबाट समाधान गरिँदै जानुपर्दछ । त्यसै गरी स्वावलम्बन तथा सामाजिक सहभागिताका क्रियाकलापहरूलाई पनि व्यापक रूपमा प्रचारप्रसार तथा अभिवृद्धि गरिनुपर्दछ । सामाजिक क्रियाकलापमा वृद्धवृद्धालाई संलग्न गराउन उचित संयन्त्रको आवश्यकता पर्दछ । यसका लागि सरकारी तथा गैरसरकारी दुवै क्षेत्रबाट बलियो सहयोगको आवश्यकता पर्दछ ।

हाल सरकारबाटै सञ्चालित वृद्धाश्रमका अतिरिक्त सामाजिक भलाइका लागि धेरै स्वयंसेवी सङ्गठनहरू पनि सक्रिय छन, धेरै धार्मिक संस्थाहरूले पनि वृद्धाश्रमहरू सञ्चालनमा ल्याएका छन् । निजी सङ्गठनहरूले पनि वृद्धाश्रमहरू सञ्चालनमा ल्याएका छन् । तिनीहरू पनि वृद्धवृद्धाको आवश्यकतालाई सम्बोधन गर्दछन् र उनीहरूलाई मायालु र उपयुक्त तरिकाले उपचार तथा हेरचाह गर्दछन् । परिवार बढीभन्दा बढी एकल बनिरहेको र बाँच्ने औसत उमेर पनि लामो भइरहेका कारण अवकाशप्राप्त र निःसहाय वृद्धावृद्धाहरूका लागि विशेष कदम चाल्नुपर्ने आवश्यकता रहेको छ । ढिलोनका अनुसार एकाएक अवकाश प्राप्त गर्दा स्वस्थ व्यक्तिहरूमा समेत त्यसको नकारात्मक असर पर्दछ । उनीहरूले आउँदो पुस्ताका लागि पनि काम गरिरहेका हुन्छन् । परिणामतः उनीहरूले आफ्नो भूमिका, हैसियत, शक्ति र अन्तर्क्रियाको अवसर गुमाउँछन् र आफ्नो व्यावसायिक पहिचानसमेत गुमाउँछन्, अनि उनीहरू नैतिक रूपमा कमजोर र आत्मसन्तुष्टिमा आएको कमीका कारणबाट कुण्ठा र एक्लोपनका सिकार भई निःसहाय बन्दछन् ।

यसरी वृद्धावस्थासँग सम्बन्धित समस्याहरू धेरै छन् । व्यापक अर्थमा बुझ्दा हाम्रो देशमा वृद्धवृद्धाहरूका प्रमुख समस्याहरू मनो-सामाजिक, आर्थिक तथा स्वास्थ्यसँग सम्बन्धित छन् । जीवनशैलीमा तीव्र परिवर्तन भइरहेको र यसले आफ्ना आमाबाबु प्रति परिवारको जिम्मेवारलाई कम गर्दै गएका कारण वृद्धाश्रम आजको आवश्यकता बन्न गएको हो । परिवारको बिकल्प बृद्धाश्रम कदापि हुन सक्दैन । सकेसम्म घर गाउं नभए मात्र बृद्धाश्रम । हामीले वृद्धाश्रमको अवधारणालाई समग्रमा यसरी बुझ्नुपर्दछ ।

***लेखक – पूर्व सशस्त्र प्रहरी बरिष्ठ उपरिक्षक हाल राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका महासचिव हुनु हुन्छ ।***




विजया दशमी, शुभ दिपावली २०७३

तथा

नेपाल सम्वत ११३७ को

हार्दिक मंगलमय शुभ-कामना

छपाई तथा डिजाइन सम्बन्धी सम्पूर्ण कार्यको लागि सेवा दिने अवसर दिनुहोला

3G PRINTERS | श्री जी प्रिन्टर्स
3 G PRINTERS

त्रिपुरेश्वर, काठमाडौं
फोन : ४२६१३४६
ईमेल : 3GPrinters.hq@gmail.com






विजया दशमी तथा शुभ दिपावली

छठ पर्व २०७३

तथा नेपाल सम्वत ११३७ को

सुखद् अवसरमा संघको सफलता र प्रगतिका लागि तथा
स्वदेश एवम् विदेशमा रहनु हुने
समस्त नेपाली बन्धुहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री अनुसबी ईन्टरप्राइजेज प्रा.लि.

(सरल बहुउद्देश्यीय सहकारी संस्थासाग आवद्ध)

कालीमाटी-१३, काठमाडौं, फोन : ४२८७८७७, ९८५११७५६४७, ९८४१७०५६४७, ९८४९३०००१६

डिपोजिट : रू. २,५०,०००/- देखि नयाँको लागि ५ लाखसम्म



# आरक्षणले निम्त्याएको यक्ष प्रश्न

-भीम बहादुर पन्थ

"महिला र पुरुष एक रथका दुई पाङग्रा हुन्" भन्ने उक्ती त यत्रतत्र गुन्जिने गरेकै छ । आधा आकाश ढाकेका महिलाले हामी पछाडि पर्‍यौ/पछाडि पारियो मात्रै भन्दै बिलौना गर्ने कि ? हामी महिलामा के के कमि कमजोरीहरु छन् पहिल्याउन त्यस तर्फ अग्रसर भई दिलो ज्यानले लागि पर्ने ? यो अहंम् सवाल हो । महिलाहरु महिलाबाटै पीडित छन् भन्ने अभिव्यक्तिहरु नआएका पनि होइनन् । महिला दिदी बहिनीहरु हामी पनि हरेक क्षेत्रमा पुरुष दाजु भाई सरह काँधमा काँध मिलाउन सक्षम छौं, कसैको दया मायामा बस्नु परेको छैन् । आफ्नो खुट्टामा आफै उभिन सक्षम छौं भन्ने दृढ अडोट जागृत हुन जरुरी छ । उदाहरणका रुपमा द्वन्द्वकालको माओवादी सेनामा रहेको महिला सहभागितालाई लिन सकिन्छ । पछाडि परेको/पारिएको भन्ने कुराको जहाँसम्म सवाल छ, आफुले प्रयास नगर्ने अनि अर्कोलाई दोष थोपर्ने प्रचलन पुरुष मित्रहरु जो प्रतिस्पर्धामा आउन सक्दैनन् त्यहाँ पनि त्यत्तिकै छ । सबै पुरुष मित्रहरु राज्यले सुविधा दिएको भएर मात्रै उच्च ओहदामा पुगेका होइनन् । सेवा प्रवेशको समयमा केही कठिनाई अवश्य भोग्नु पर्छ । अहोरात्रको परिश्रम पश्चात नै अत्यन्त थोरै जनशक्तिको माग भएको अवस्थामा कैयौंलाई पछिपार्दै उच्चतम् अंक ल्याई मेरिड लिष्टमा आउन सफल भई छनोट हुनु चानचुने कुरा होइन । तिनै परिश्रमी हातहरु नै भविश्यका उज्जवल नक्षेत्र झैं सदा चम्की रहन्छन् । एउटै व्याचमा सेवा प्रवेश गर्नेहरु सबै समान तहमा पुग्छन् भन्ने होइन, केही त्यस्ता विलक्षण प्रतिभावान व्यक्तित्वहरुले नै राज्यको नीति निर्माण तहमा आसिन हुन सफल हुन्छन् । क्षमतावान व्यक्ति जुन सुकै जाति, समुदायको किन नहोस् उसलाई कसैले रोक्न सक्दैन । पंक्तिकार पनि फौजी संगठनसंग सम्बन्धित भएको नाताले तिनै संगठनको इतिहास जानकार हुनु स्वभाविकै हो । नेपालका सुरक्षा निकायको विगतलाई हेर्ने हो भने जनजाति वर्गको प्रतिनिधित्व बढी छ । उनिहरुलाई कसैले प्राथमिकतामा राखेकोले त्यो सम्भव भएको हो र ? त्यो किमार्थ होइन । तत्कालीन परिवेशमा आएको परिवर्तनले केही प्रतिशतमा अप्रत्यासित निर्णय हुन पुगेका छन् । अधिकांश निर्णयहरु निश्पक्षरुपमै भएको हामी पाउँछौं । यसरी हेर्दा क्षमता पहिलो आवश्यकता हो भने प्राथमिकताको नगन्य अर्थ रहन्छ।

हालको परिवर्तित परिवेशमा आरक्षणको मुद्धाले प्राथमिकता पाएको देखिन्छ । आजको प्रतिष्पर्धाको जमानामा निश्चित जाति र सम्प्रदायको नाममा आरक्षणको सुविधा दिंदै जाने हो र योग्य व्यक्तिलाई पन्छाउँदै जाने हो भने एक दिन जुनसुकै संस्था समानुपातिकताको सवालमा हाराहारीमा आउला, तर त्यस संगठनको कार्यकुशलतामा अप्रत्यासितरुपमा कमि आई असक्षम व्यक्ति समूहको झुण्ड हुन पुग्ने सम्भावना नआउला भन्न सकिन्न । किन कि क्षमतावान व्यक्तिहरु अवसरको खोजीमा विदेश पलायन भैसकेका हुन्छन् । तसर्थ समान अवसरका लागि आरक्षण होइन कि क्षमता अभिबृद्धिका लागि अवसरमा प्राथमिकता दिनु बुद्धिमानी ठहर्छ । अध्ययनमा समान अवसरका लागि सर्वप्रथम आमाको ठूलो भूमिका रहन्छ । छोरा र छोरीमा समान व्यवहार आउन नसक्नुमा कहि न कहि आमा बाटै भेदभाव भएको उदाहरण हामी पाउँछौं । छोरीलाई पराई घर जाने जात भन्दै घर धन्दामै व्यस्त गराउने संस्कार जानेर वा नजानेर आमा बाटै भएको हुन्छ । बुहारी पनि कसै न कसैको छोरी नै हो तापनि बुहारी भनेपछि देख्नै नसक्ने सासुआमा नै देखिदै आएका छन् । ससुराबाट त्यति पीडित हुनु परेको छैन जति सासुबाट

पीडित हुन परिरहेको छ । विगत लामो समयदेखि चल्दै आएको यस्तो गलत संस्कारलाई तुरुन्तै जादुको छडी समान अन्त्य गर्न सकिंदैन । क्रमिकरुपमा कमि आउँदै गएको छ, प्रतिक्षा गर्नु पर्छ । प्रतिक्षाको घडी लामो हुन्छ तापनि अत्यन्त धैर्यवान, धरतिमाताको नामले सम्मानित महिला दिदीबहिनीहरु यसमानेमा कदापि चुक्ने छैनन् ।

महिला/पुरुष जे भएतापनि नेपाली नागरिक हुन् । राज्यले लिंगको आधारमा भेदभाव गर्न हुँदैन र नेपालको संविधानले पनि समानताको अधिकार प्रदान गरेकै छ । राज्यको मूल कानुन संविधानले प्रदान गरेको संवैधानिक अधिकारमा कसैले बन्देज लगाउने तागत रहदैन । आरक्षणको गलत परिपाटीले जरो गाडिसकेपछि खुल्ला प्रतिष्पर्धामा जान ठूलै कसरत गर्नुपर्छ । अहिले जसरी पितृसत्तात्मक समाजको विरासतको रुपमा विगत लामो समयसम्मको कुसंस्कारका कारण महिला दिदी बहिनीहरु पीडित हुन परिरहेको गुनासा आउने गरेको छ, भविश्यमा आरक्षण नीतिले त्यही परिणति भोग्न नपर्ला भन्न सकिन्न । लामो समयदेखि प्रचलनमा आइसकेको संस्कार परिवर्तन गर्न त्यति सजिलो हुँदैन । उदाहरणको रुपमा मुलुकी ऐनमा नै व्यवस्था भएको विवाहमा जन्तीको संख्या ५१ जना मात्र तोकिएकोमा कार्यान्वयनमा आउन सकिरहेको छैन । संस्कार बसिसकेपछि परिवर्तन गर्न ज्यादै कठिन हुने भएकाले निश्चित अवधिका लागि भनेपनि पछि परिवर्तन गर्न ठूलै संघर्ष गर्नुपर्ने कटुयथार्थलाई हृदयंगम् गर्दै भविश्यमा भोग्नु पर्ने अप्ठ्यारो परिस्थितिलाई आजै व्यवहारमा उतार्नु बुद्धिमत्तापूर्ण निर्णय ठहर्छ । अन्यथा पछुताउनु सिवाय अर्को विकल्प रहँदैन ।

जातिय समानुपातिकको नारालाई कार्यान्वयन गर्न त्यति सहज छैन । जनजातिको आधारलाई मात्रै हेर्ने हो भने काठमाडौंका नेवार पनि जनजाति तराईका थारु पनि जनजाति । जनजातिको कोटा त आउला तर नियुक्तिमा समानता हुनै सक्दैन । हरेक जातजातिका व्यक्तिहरुमा पनि योग्यता/क्षमता, फरक फरक हुन्छन् । वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारी, सभामूख ओनसरी घर्ती, कामु प्रधान न्यायाधिस सुशिला कार्की, पूर्व सभामुख सुभास नेम्वाङ हुन वा पूर्व प्रधान सेनापति छत्रमान सिहं गुरुङ किन नहुन, आरक्षणको कोटा पाएर उच्च स्थानसम्म पुगेका होइनन् । आफ्नै बलबुताले परिश्रमको फल प्राप्त गर्न सफल भएका हुन । आज भन्दा ३०/३५ वर्ष अघिको नेपाली परिवेशसंग पैठेजोरी खेल्दै निजामति सेवामा प्रवेश गरी नेपाल सरकारको विशिष्ठ श्रेणीको सचिव पदसम्म महिला दिदी बहिनीहरु पुगेकै इतिहास छ । नेपालको तराई क्षेत्रका केही उच्च जातजातिहरुमा अध्ययनको राम्रो इतिहास कायम छ । प्राविधिक क्षेत्र- कृषि, पशुविज्ञान, मत्स्यपालन, फरेष्ट्री आदिमा बर्चश्व कायम छ । मध्येपहाडी क्षेत्रका राई लिम्बु, गुरुङ मगर, क्षेत्री ठकुरीहरुको फौजी लाइनमा पकड छ भने तराईवासी मध्ये फौजी संगठनहरुमा थारुजातिको संलग्नता केही बढी भएतापनि अन्य जातजातिहरुले कुनै क्षेत्रमा पनि उल्लेखनीय क्षमता प्रस्तुत गर्न सकिरहेका छैनन् । विभिन्न प्रकृतिका पेशा व्यवसायमा फरक फरक विशेषता भएका जनशक्तिको आवश्यकता पर्ने र हरेक पेशाको लागि भिन्दा भिन्दै ज्ञान, सीप, कौशल हुन जरुरी छ । विना योग्यता, क्षमता, ज्ञान विनानै आरक्षणको नाममा कर्मचारी नियुक्ति गर्दै जाने हो भने त्यस्ता असक्षम जमातबाट कस्तो सेवाको अपेक्षा गर्ने ? पिछडिएको जातजातिलाई आरक्षण दिने कि ? योग्यता क्षमता अभिबृद्धिको समान अवसर दिई क्षमतावान जनशक्ति उत्पादन गरी हरेक क्षेत्रमा स्वस्त प्रतिष्पर्धाको वातावरण श्रृजना गर्ने ? मूल प्रश्न यही छ ।

***(लेखकः अवकाश प्राप्त सशस्त्र प्रहरी उपरिक्षक हुनुहुन्छ)***






# विजया दशमी तथा शुभ दिपावली

**छठ पर्व २०७३**

**तथा**

**नेपाल सम्वत ११३७ को**

**सुखद् अवसरमा संघको सफलता र प्रगतिका लागि तथा
स्वदेश एवम् विदेशमा रहनु हुने
समस्त नेपाली बन्धुहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**हाम्रो नागार्जुन बचत तथा ऋण सहकारी संस्था लि.**

**Hamro Nagarjun Saving & Credit Co-operative Ltd.**

नागार्जुन न.पा.१, रानीवन, काठमाडौं





# श्रीकृष्ण इलेक्ट्रोनिक्स सप्लायर्स

सुन्धारा, काठमाडौं, फोन : ९८५१०३४९१०

## हाम्रा सेवाहरु

- ★ मोवाइल
- ★ क्यामेरा
- ★ ल्यापटप कम्प्युटर
- ★ डेस्कटप कम्प्युटर
- ★ टिभी
- ★ रेफ्रिजेरेटर



# नेतृत्व विकास र संगठनात्मक संस्कार

**–बलराम तिमिल्सिना**

कुनै पनि संघ, संस्था, संगठन वा समूहलाई बिधि सम्मत तरिकाले उद्धेश्य प्राप्ती गर्ने दिशामा गतिशिल बनाउन गरिने कार्य नै नेतृत्व हो। भने अझ अर्को शब्दमा भन्नुपर्दा सामुहिक वा साझा उदेश्यका लागि सम्वद्ध व्यक्तीहरुलाई मनै देखि प्रयत्न गर्न अभिप्रेरित गर्ने क्रियाकलाप नै नेतृत्व हो र आफ्नो संघ संस्था, संगठन वा समूहमा आवद्ध ब्यक्तिहरुलाई उद्धेश्य प्राप्तीका लागि प्रेरणा, पथ प्रदर्शन र निर्देशन गर्न तत्परता एवं क्षमताको गुण नै नेतृत्व कला पनि हो। संघ संस्थाका कार्यकारी पदाधिकारीहरुले निरन्तरको शिक्षा, तालीम, र सूचनाको प्रकृया र अभ्यासले नेतृत्व क्षमता विकास गर्न र असल नेतृत्वको गुण प्राप्त गर्न सक्दछन्।

नेपाल पूर्व सशस्त्र प्रहरी संघमा आवद्ध ब्यक्तित्वहरु नेपाल सरकारको एउटा महत्वपूर्ण सुरक्षा निकाय सशस्त्र प्रहरी वलबाट सेवानिवृत्त भई आएका हुँदा ठुलो पदले थिचिरहेको परम्परागत फौजी कमाण्ड श्रृङखलाको प्रभावले आज सामाजिक रुपमा पनि केहि प्रभाव परिरहेकै हुन्छ। सेवानिवृत फौजिहरुकै संघ संस्था भएपनि गैर सरकारी संघ संस्थाहरु त्यसरी फौजी कमाण्ड श्रृङखला अनुसार चल्न सक्दैनन्। यस्ता संघ संस्थाहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको प्रजातान्त्रिक मूल्य मान्यता एवम् प्रणालीको आधारमा नेतृत्व चयन हुने गर्दछन्। सेवा निबृत फौजीहरु नै भएकाले मानवीय अनुशासन र मर्यादालाई सुरक्षित राख्दै प्रजातान्त्रिक प्रणाली अनुरुप संघले नेतृत्व चयन गर्ने अभ्यास गर्दै आईरहेको छ। उदाहरणका लागि हेर्ने हो भने पनि संघको केन्द्रिय कार्यकारिणी समितिमा मात्रै होईन गठन भई सकेका क्षेत्रीय र जिल्ला स्तरका कार्यकारिणी तहमा जवान तथा विल्लादार तहवाट सेवा निवृत्त हुनु भएका व्याक्तित्वहरु मात्रै होईन अझ एक कदम अगाडि बढेर अमर सशस्त्र प्रहरीका कुनै पनि फौजि तालीम नलिनु भएका परिवारहरु पनि संघको कार्यकारिणी तहमा रहनु भएको छ।

नेतृत्वकर्ता भनेको जुनसुकै तहको भए पनि संघको कार्यकारिणी तहमा बसेको व्यक्तित्वलाई समेत बुझ्नु पर्ने हुन्छ  भने संघको त्यो तहमा बसेको व्यक्तित्वहरु संघ र सदस्यहरुको असल सेवक हुन र सबै संग घुलमिल भएर काम गर्नुपर्ने हुन्छ। संघको कार्यकारिणी एवम् नेतृत्वकर्ताहरु असल, संगठन प्रति उत्तरदायी, स्वयंसेवी, ज्ञानी, विवेकी , ईमान्दार, चरित्रवान र एकिकृत विचारमा केन्द्रित हुनु पर्ने कुरा संघको विधान २०६४ को प्रस्तावनाले प्रष्ट पारेको छ। जस्तैः समानताको आधारमा एकता, भातृत्व, सहयोग, सदभावनाको अभिवृद्धि, हकहीतको संरक्षण, बौद्धिक, नैतिक, सामाजिक र आर्थिक स्तरको अभिवृद्धि त्यस्तै मानवीय एवं सामाजिक सेवाका साथै राष्ट्रहितमा संघको भूमिकाको खोजी त्यसै गरेर आश्रीत परिवार, वालवालीका तथा जेष्ठ नागरिकहरुको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउन प्रयास गर्ने जस्ता उद्धेश्य बोकेको संघको उद्धेश्य त्यतिकै कसरी पूरा गर्न सकिन्छ ?  संघको उद्धेश्य प्राप्ती गर्न कार्यकारिणी समिति नै नेतृत्वकर्ता भएर समुच्च संघलाई परिचालन गर्न सक्नु पर्दछ।

संघलाई सफल बनाउन सकारात्मक विचारको बिकास हुनु पर्दछ। जस्तै खुला संचार, अरुको विचारलाई सुन्ने बुझ्ने र सम्मान गर्ने प्रयत्न, विचारको निर्माण र निर्णय संघ र सदस्यको हीतमा हुनु पर्दछ भने अरुको विचारको पृष्ठपोषण गर्दा आफ्नो विचार खुलस्त पार्नु पर्दछ।

नेतृत्व विकास एउटा निरन्तर रुपमा चलिरहने प्रकृया पनि हो। सफल नेतृत्वका लागि सकारात्मक सोच एक मात्र मार्ग हो। यसका लागि मन, बुद्धी र

संस्कारको समन्वय गरेर काम गर्नु पर्दछ। सामान्यतया व्यवहारको तरिका, साझा मूल्य मान्यता र विश्वास नै संस्कार हो। संघ भित्रका मानिसहरु के भन्छन्, के कस्तो व्यवहार गर्दछन् र कस्तो सोचाई राख्दछन् भन्ने कुराले संघको साँगठनिक संस्कारको परिचय दिन्छ। व्यक्ति संरचना, प्रविधि र वातावरण मिलेर मात्रै संघ संस्थाहरु बन्न सक्दछन्। संघको राम्रो संस्कार निर्माण गर्न भौतिक विकास, मानसिक विकास, सामाजिक विकास, मूल्य मान्यता र गरिमामय संस्कारको विकासमा सार्थक प्रयत्न गर्दै जानु जरुरी छ।

साझा एवं साझेदारीको भावना, थप संस्कारको बुझाई, संरचनायुक्त संस्कारको मनन, प्रभावकारी नियन्त्रणको प्रकृया पनि हो संस्कार। संघमा संस्कार राम्रो भएमा आवद्ध व्यक्तिहरु हाँसी खुसी रहन सक्दछन्। सबैको एकता र एकमना कायम हुन सक्दछ। सिनियर प्रति आदर र सद्भाव, जुनियर प्रति मायाँ र सद्भाव कायम हुन्छ। यसका लागि सदैव अझ बढि दक्षताका लागि प्रयत्नशील रहने र खुल्ला फरासिलो र निष्कपट रहने कार्यको नमुना पनि नेतृत्वकर्ताहरुबाट देखिनु पर्दछ। संघको नेतृत्वतहमा रहने ब्यक्तिहरुमा ईमान्दार, एकिकृत विचारमा केन्द्रित, स्वयम् निर्देशित, परिस्थिति अनुसार अनुकूल हुन सक्ने, सहिष्णुतापूर्ण कार्य व्यवहार, अरुको उचित र निष्पक्ष मूल्याङकन, उत्तेजनालाई नियन्त्रणमा राख्न सक्ने, सिक्ने सिकाउने कलामा प्रभावकारीता, निर्णायक क्षमता, कठोर निर्णय गर्ने आँट र क्षमता, नम्र तथा सालीनताको गुणहरु देखिनु पर्दछ।

असल नेतृत्वका वारेमा बुझ्न र कुरा गर्न जति सजिलो छ अभ्यास गर्न र व्यवहारमा उतार्न त्यतिकै कठिन पनि छ। त्यसैले निरन्तर अभ्यास गर्दै जानु पर्दछ। संघमा आवद्ध व्यक्तिहरुलाई सशक्तिकरण हुने बाटो देखाउन, संघ वा सदस्यहरुलाई विकासको बाटोमा राम्रो काम गर्न सहयोग पुऱ्याउन र संघको उदेश्य प्राप्ती गर्न वा सदस्य एवं व्यक्तिहरुको चहाना पूरा गर्न उत्कृष्ट संरचना प्राप्त गर्ने अवधारणा पनि असल नेतृत्वको गुण हो। संघका कार्यको लक्ष्य निर्धारण, वातावरण समायोजन, सम्बन्ध र समन्वय, कार्य प्रति उन्मुख, सामाजिक कार्य, समस्याको समाधान जस्ता आधारभूत कार्यहरु पनि नेतृत्वकर्ताहरुको प्रमुख जिम्मेवारी नै हो। भने सामाजिक कार्यमा अग्रसरता, लोकप्रियता, प्रतिबद्धता, होसियारीपना, सहयोगी भावना, स्पष्टवक्ता, मिलनशील क्षमता र आत्मविश्वासी जस्ता गुणहरु नेतृत्वकर्ताहरुको विशेषता नै हुने भएकाले कार्यकारिणी तहमा रहने व्यक्तिहरुमा यस्ता उल्लेखनीय क्षमताको विकास अनिवार्यरुपमा आफैले गर्दै लानु पर्दछ।


त्यसै गरेर संघको प्रभावकारिता, शक्ति सम्पन्नता, साझा लक्ष्य र अविछिन्न नेतृत्व, संघको संस्कार बन्नु पर्दछ। ज्ञान, सीप, अनुभव, सोच र संस्कारको विकास युक्त दिगो, भरपर्दो, परिणाममुखी, उपयोगी संघ स्थापित हुनु जरुरी छ र सशक्त, संगठित, अनुशासित संस्थाको गरिमामय संस्कारको विकासनै हाम्रो साझा लक्ष्य हुनु पर्दछ।

***लेखक- संघका आजीवन सदस्य एवम् सचिव हुनुहुन्छ।***



# सिपाही

- गोपाल प्र.विके



आफ्ना सम्पूर्ण व्यथाहरुलाई लुकाएर !
कति सजिलै तिम्रो त्यो दुःखमा पनि,
तिमि हांस्ने गर्छौ ।
आफ्ना सम्पूर्ण खुशिहरुलाई थन्काएर !
भोक र तिर्खा केहि छैन तिमिलाई !!
कति सजिलै तिम्रो त्यो कर्तव्यपथमा,
तिमि अगाडि सर्ने गर्छौ ।

कर्तव्यको अमुक धडकल वोकी,
जनताहरुलाई विउंझाउन पुग्छौ !
केहिं, अपराधिहरुले मौका त पाएका छैनन् ?
कति निर्धक्क छन ति जनताहरु !
निन्द्रादेविको कांखमा आफुलाई हराई दिन्छन !!
मोनतामा गस्तिको अनौठो सन्सनाहटले,
कति चांडै आफुलाई विउंझाई पनि दिन्छन !!!
केहिं, तिनै हाम्रा सिपाही त आएका छैनन् ?

धन्य छ शान्तिका पुजारी तिमिलाई !
तिम्रा ति अमुल्य छणहरुलाई !!
देश र जनताको सुरक्षामा अर्पण गर्छौ ।
नजाडो नतातो घाम,
अनि वर्षाको समेत प्रवाह नगरी !
कस्ता कस्ता विध्न वाधाहरुलाई पार गरी !!
देशका कुना कुनामा शान्तिको विगुल वजाउने गर्छौ ।

ऐ देशमा जन्मियौ तिमि !
ऐ देशमा हुर्कियौ पनि !!
ऐ देशका लागि आफ्ना खुशिहरु अर्पण गर्छौ !
यस्तै कुशल पुत्रको कांखमा,
रमाउंछिन ति जननी !
यस्तैमा तिम्रो त्यो सिंगो जिन्दगी,
केहि प्रवाह समेत नगरी !
देश र जनताको सुरक्षामा त्याग्ने पनि गर्छौ !! त्याग्ने पनि गर्छौ !!!

***लेखक- संघका आजीवन सदस्य एवम् कार्यसमितिका सदस्य हुनुहुन्छ ।***

# वालापनमा द्वन्द्वले पारेको पिडा

- दिपा खड्का
जोरपाटी



एक दशक भन्दा बढिनै भईसक्यो मैले प्यूठान छाडेको । मेरो जन्म भूमी प्यूठान स्वर्गद्धारी मन्दिर भएका कारण मेरो जन्म ठाँउ प्यूठान निकै प्रचलित छ । सुन्दर ठाँउ, निकै सफा, हरियाली , आत्मिय भावका कारण निकै आर्कषण गरेको छ । आज म उही पुरानो परिवेशमा फर्किन ठुलो साहरा जुटाउने कोशिष गरिरहेकी छु ।

ठाँउ जस्तै सुन्दर मेरो परिवार खड्का परिवार सानो अनि खुसी परिवार Dejination of Happy Family मेरो परिवार भित्र मेरो ड्याडी, मामु, दादा, र मेरो भाई र म खड्का परिवारकै एक मात्र छोरी मानौ म घरको दीप नै थिए । मेरो ड्याडीले मेरो नाम दिवा नै राखिदिनु भयो । अझै पनि मेरो मानसपटलमा यी कुराहरु ताजा छन् । सानो छँदा मलाई ड्याडी नै चाहिन्थ्यो । मेरो ड्याडी निकै मायाँलु हुनुहुन्थयो, रातभर नसुतेर मलाई हेरेर बस्नुभाको थियो । मलाई अझै पनि बिरामी हुँदा मेरो ड्याडीको याद आउँछ । सवै कुरामा समय अनुसार परिवर्तन हुदै गए तर यी यादहरु कहिल्यै पनी मेरो मानसपटल बाट पर हुन सकेन । मेरा प्रत्येक स-साना ईच्छाहरु पूरा हुन्थ्ये मैले सम्झौता भन्ने कुरा कतै गर्नु परेको थिएन सानो छँदा । सबैले मलाई Daddy's Girl भन्थे आज मलाई ड्याडीले गरेको माँया सपना जस्तो लाग्दछ । म त सबैले चाहेको छोरी मेरा हजुर वुवा अनि हजुर मुमाको तीर्थ ब्रत पश्चात बरदान स्वरुप श्रीकृष्ण जन्म अष्ठमीका दिन मेरो जन्म भयो । सबैको प्यारी म फूलको कोपिला जस्तै हुर्किदै थिएँ । अभाव र दुःख भन्ने कुराको महशुस नै थिएन । मेरो खान्दानमा सवै जना सरकारी जागिरे अनि घरमा प्रशस्त मात्रामा जग्गा जमिन म करिव १० बर्षकी मात्र थिए मेरो ड्याडीको पद बढ्यो । घरमा खुसीको रौनक छायो । मेरो ड्याडीको प्यूठान पूजाबाट नेपालगन्ज सरुवा भयो प्रहरी निरीक्षकको रुपमा जुन समयमा नेपालमा ठुलो संकटकाल लागेको थियो । त्यस पछि ड्याडीको घर आउने जाने क्रम ह्वात्त घट्यो आईहाल्नु भो भने छ महिना या १ बर्षमा मात्र आउनु हुन्थ्यो । ड्याडी राती-राती लुकेर आउनु पर्ने उफ यो कस्तो बाध्यता । बाध्यता के थियो त्यो म बुझ्दिन थिए । मात्र खुशी दिन्थ्यो दादा र मलाई ड्याडीको उपस्थितीले । मूल बाटोको छेउमै घर भएकाले सबैले थाहा पाउछन् भन्ने डरले ड्याडी राती आउनु हुन्थ्यो । सानो स्वरले ड्याडी भन्नु हुन्थ्यो हामीलाई कसैलाई नभन्नु म घर आएको कुरा । के मेरो ड्याडीलाई आफ्नो घरमा आउदा पनि चोर जस्तै लुकेर आउनु पर्थ्यो र ? उहाँलाई नि आफ्नो आफन्तहरुलाई भेट्न मन नहुदो होर ? हामी मुसुक्क हाँस्दै हुन्छ ड्याडी भन्थ्यौ । अनि मलाई समातेर दुबै गालामा माया गर्नु हुन्थ्यो । मामु संग भन्नु हुन्थ्यो यिनै छोरा छोरी निश्चल मुस्कानले यो कठिन समयसंग जुध्न सक्ने बनाएको छ र मलाई बचाएको छ । मामु रुदै भन्नु हुन्थ्यो भगवानको कृपाले गर्दा हाम्रो परिवारलाई नपुग केहि छैन हजुरले जागिर छाड्नुस न । तर ड्याडीले मामुका कुरा हाँस्दै टाँरिदिनु हुन्थ्यो । त्यो दिन चाही मामुलाई राम्रोसंग सम्झाउनु भयो धत् लाटी कस्तो कुरा गरेकी तिमीले यस्तो कुरा गर्न सुहाउँदैन । हाम्रो देश अहिले ठूलो संकटमा छ यस्तो समयमा देश र जनताको लागि लड्न पाउनु मेरो ठुलो सौभाग्य हो । जो कोहीको नसिवमा हुँदैन तिमिले यस्तो कुरा बुझ्नु पर्छ । तिमी एक बहादुर सिपाहीको अर्धाङ्गिनी हौ । त्यसैले तिमिले आफ्नो मनलाई कठोर बनाएर मलाई हौसला दिनुपर्छ यतीका बर्ष सरकारको नुन खाएको छु यसको ऋण तिर्ने समय आएको छ । सम्झाउदै गर्दा ड्याडीले फेरी कुरा थप्नु भयो म एउटा राष्ट्रसेवक हुँ यदि राष्ट्रको सेवा गर्दा गर्दै

बीरगति प्राप्त गरेछु भने छोरा छोरीलाई दुख कहिल्यै नदिनु सरकारले यिनीहरुलाई हेर्ने छ। राम्रो मान्छे बनाउनु अनि ठाँउमा पढाउनु लेखाउनु जसरी हुन्छ छोरीलाई नर्स बनाउनु र त्यो भन्दा ठूलो कुरा सभ्य बनाउनु पर्छ। मलाई देखाउदै भन्नु भयो छोरीले बिरामीको सेवा गर्नु पर्छ दुखीहरुको घाउमा मलम पट्टी गर्नु पर्छ। जुन दिन छोरी नर्स बन्छिन त्यो दिन मेरो जिन्दगीको सबै भन्दा ठुलो सफलता प्राप्त भएको ठान्नेछु। ड्याडीले यस्तो कुरा गरिरहँदा मामुका आँखाहरु  ओभाना पक्कै पनि थिएनन्। ड्याडीको घर बिदा सकिरहेको थियो भोली बिहानै ३ बजे उठेर आफ्नो ड्यूटी जाने कुरा गर्नुभयो। हाम्रा दिनहरु यसरीनै बित्दै थिए। घरमा दिनरात माओबादीका धम्कीहरु आउन थालेका थिए। चन्दाको नाममा हजारौं हजारको माग गर्थे। चन्दा दिन ढिलो गर्नुभयो भने मामुलाई डरलाग्दा धम्कीहरु आउथे, पेस्तोल देखाएर गोली हान्छु भन्थे। कहिले घर नै घेरा बन्दी गर्थे। दादा र मलाई पढ्न मन पटक्कै लाग्दैन थियो हाम्रो कलिलो मस्तिस्कमा ठुलो डर बसिसकेको थियो। चन्दाका नाममा हजारौं हजार लुटेर लैजान्थे, मध्य रातमा भोज जसरी खाना बनाएर खुवाउनु पर्थ्यो। बिचरा मेरो मामु माओबादीहरुले जे जे भन्छन त्यही त्यही गर्दै जानु भयो मात्र एउटा सिउँदोको सिन्दुर जोगाउनको लागि। केही महिना पछी मामु ड्याडीलाई भेट्न नेपालगन्ज जानु भयो एक हप्ता बसेर फर्किनु भयो। घर फर्किदा मलाई मन पर्ने परिजामा पठाईदिनु भएछ ड्याडीले White and Pink Color का साथमा दर्जनौ कलम, सिसाकलम अनि कपिहरु थिए बर्षौंलाई पुग्ने गरी। मलाई पठाईएको कापीको पहिलो पानामा केही शब्दहरु कोरिएका थिए। जस्मा प्यारी छोरी दिवा राम्रो संग पढ्नु है नर्स बन्नु पर्छ नि ! ज्ञानी बन्नु दादा, भाईसंग मिलेर बस्नु अनि मामुले भन्नु भएका सबै कुराहरु मान्नु मामुलाई दुःख नदिनु ल। तिमि त मेरो सब भन्दा ज्ञानी छोरी हौ। मलाई खुसी लागेको थियो पत्र पढिसक्दा।

यसको ठीक एक हप्ता पछि मिति २०६१/०२/३२ गते राती ९ बजे समाचार आयो यो रेडियो नेपाल हो ..................भन्नै नहुने कुरा अनि हामीले सुन्न नचाहेको कुरा सुनायो। उफ ... अझै पनि यो समाचार मेरो मानसपटलमा ताजानै छ प्यूठान वडा नं. ३ मा जन्मिनु भएका प्रहरी निरीक्षक श्री शिर बहादुर खड्काले देशको सेवा गर्दा गर्दै एवम सुरक्षार्थ बफादार बनी संगठन प्रति पूर्ण निष्ठावान रही नेपाल अधिराज्यको स्वतन्त्रता, सार्वभौमसत्ता जोगाउदै गर्दा आतंककारीको बिरुद्ध कर्तब्यनिष्ठ रही बहादुरी पुर्बक राष्ट्रका लागि जिवनोत्सर्ग गर्ने अमर सशस्त्र प्रहरी निरीक्षक श्री शिरबहादुर खड्काको निस्वार्थ त्याग र बलिदान प्रति सलाम गर्दै उहाँको  सम्पूर्ण परिवार प्रती हार्दिक समवेदना..............

यो समाचार सकिन नपाउदै मामु बेहोस हुनू भयो राता रात सारा गाँउले हरु घरमा जम्मा भएका थिए यस पछि के भयो जो कोहीले पनी महसुस गर्न सक्दछन् हामीहरु माथि परेको बज्रपातलाई । दुःख केहो सम्झौता भन्ने कुरा मलाई थाहा थिएन। त्यस पछिका दिनहरु निकै दुःखद् थिए हाम्रा लागि। २ दिन पछि मेरो ड्याडीको मृत शरिर घरमा आयो मामु बेहोस् नै हुनुहुन्थ्यो। सबै जना आ-आफ्नो काज क्रियामा लागे दादा र भाईको कपाल खौरियो, मामुको सिउँदाको सिन्दुर पुछियो, हातमा लगाएका चुराहरु सबै फुटाईए र राता लुगा फुकालेर सबै सेता बस्त्र पहिराईयो। यस्तो बिजोक देख्न सक्ने शक्ति प्रदान गर्दा रहेछन् भगवान पनि। हाम्रो कलिलो मष्तिकमा कस्तो चोट पुग्यो भन्ने कुरा मात्र यो पीडाबाट ग्रस्त भईसकेकाहरुले राम्रोसंग बुझ्नु हुन्छ। मलाई घरको त्यो माहोलमा बस्नै मन लाग्न छाडिसकेको थियो। मामुलाई देखेर झन रुन मन लाग्थ्यो। गाँउलेहरु भन्थे तिम्रो ड्याडी आउनुहुन्न अब भगवानको घरमा जानुभयो सायद ति मान्छेहरुले ठिकै भनेका रहेछन् खै आजसम्म पनि आउनु भएको छैन।

मेरो परिवार सबैको उदाहरणीय थियो आज त्यो परिवार शोकमा डुवेको थियो । हो देशले बहादुर सिपाही गुमाएको थियो अर्को तिर मैले र मेरो परिवारले सर्वस्व । सवथोक गुमाएका थियौ । सायद हाम्रो नसिबमा ड्याडीको माँया भन्ने कुरा लेख्नै बिर्सेछन् होला । हाम्रो शिरबाट हात उठेपछी हामी एक्कासी टुहुरा भयौं । दैव निकै निष्ठुरी हुँदोरहेछ दया माया नभएको । तेह्र दिनको काम सकिन नपाउदै माओबादीका धम्कीहरु आउन थाले । सरकारबाट जति रकम हामीलाई प्राप्त हुन्छ त्यसको ५० प्रतिशत उनिहरुलाई बुझाउनु पर्छ रे अव के को लागि बुझाउनु मेरो मामुको सिउदो त पुछिई सकेपछि यस्ता धम्कीहरु दिन रात आउन थाले घरमा सायद हाम्रो लागि प्यूठान बस्न सक्ने अबस्था रहेन । हाम्रो भविष्य माथि खेलबाड होस् मेरो मामुलाई स्वीकार्य थिएन । मेरो मामा काठमाण्डौबाट हामीलाई लिन आउनु भयो हामी मामासंग आफ्नो जन्मभूमि छोडेर उज्वल भबिष्यको खोजिमा निस्कियौं । १/२ महिना मामाको कोठामा नै बस्यौं हामी त्यस पछि स्कूलकै होस्टलमा । नयाँ ठाँउ नयाँ परिवेश हाम्रा लागि सहज थिएन बाताबरण निकै संघर्ष गर्नु पऱ्यो घुलमिल हुनलाई । मामुले मनको पीर व्यथा लुकाएर हामीलाई पढ्न प्रोत्साहन गरिरहनु भयो । मलाई सानो बेला देखिनै खुब बोल्न मन लाग्ने । स्कुलमा कार्यक्रमहरु हुँदा सधै कार्यक्रम उद्घोष गर्नू पर्थ्यो । यस्तो काम गर्दा मलाई खुसी मिल्थ्यो । यस्तै गर्दा गर्दै एस.एल.सी पनी राम्रै अंकमा पास गरे त्यस पछि म रिजल्टको प्रतिक्षा गर्दै गर्दा मेरो ड्याडीको ठूलो सपना नर्सिङ्गको लागि ब्रिजकोर्ष पढ्न सुरु गरे तीन महिनाको कोर्ष पछि नर्सिङ्गमा धमाधम फर्म खुल्न थाले मैले नर्सिङ्ग कोषका लागि परिक्षा दिए नाम निस्कियो । खुसी थिए कति छिटो ३ बर्ष बित्यो पत्तै भएन नर्सिङ्गकोष पनि सफलतापूर्वक पास गरें । म निक्कै खुसी छु किनकी मामु, ड्याडीको सपना पुरा गर्ने सन्तानमा पर्न सफल छु । कोष पूरा त गरें तर योग्यता क्षमता अनुसारको रोजगारी पाउनबाट बन्चित छु ।

अन्त्यमा, सरोकारवाला निकायलाई ध्यानाकर्षण गर्न चाहन्छु कि कर्तव्य पालनाको सिलसिलामा बिरगती प्राप्त अमर सशस्त्र प्रहरीका सन्ततिका लागि शैक्षिक योग्यता अनुसारको रोजागारीको सुबिधा उपलब्ध गराईदियोस् । वीरगति प्राप्त गर्ने अमर प्रहरीका सन्ततिले शैक्षिक योग्यताका प्रमाणपत्रहरु बोकेर भौतारिनु नपरोस्, यसो गर्न सकेमा मात्र पनि दिवंगत आत्माले शान्ती पाउने थियो कि !

***लेखक : बिरगती प्राप्त स.प्र.नि शिर बहादुर खड्काकी सुपुत्री हुनुहुन्छ ।***





**विजया दशमी, शुभ दिपावली, छठ पर्व २०७३ तथा नेपाल सम्वत ११३७ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**Pashupati Road Carrier Pvt. Ltd.**

H.O. : Adarshnagar, Birgunj (Nepal)
B.O. : Sundhara, Kathmandu
Phone : 4258808, 5258809, 4221126, Fax : 977-1-4242063



# द्वन्द्वको पिडा

-राधिका खड्का

## देश जस्तै सुन्दर मुलुकको कानुन भईदिए

आहा ! कति राम्रो देश नेपाल । चारैतिर हरियाली, मनोरम हिमाली दृश्य, नागवेली नदी, तालतलैयाले भरिपूर्ण देश नेपाल, मलाई गर्व लाग्छ म नेपाली हुन पाएकोमा । म बीरगति प्राप्त अमर सशस्त्र प्रहरी कि अर्धाङ्गिनी हुँ । उहाँ नभएपनी उहाँले सम्झाएका प्रत्येक शब्दहरु मेरा लागि जिउने साहार भएका छन् । सुरुमा त मलाई लाग्थ्यो उहाँ बिना म कसरी बाँच्न सक्छु । म मर्न पाए सम्पूर्ण समस्याको समाधान हुन्छ जस्तो लाग्थ्यो । तर मैले आफ्नो मनलाई धेरै सम्झाए मेरा श्रीमान ले मेरा लागि मात्रै नभएर सिङ्गै देशको लागि बलिदान गर्नु भएको छ । म उहाँको सम्झनामा जिउनु पर्छ, मैले उहाँको उत्कट अभिलाषा हाम्रो सन्तानको भविष्य उज्जल बनाईदिनु पर्छ । तर बिडम्वना हाम्रो देशमा कानुन एउटा कागजी रुपमा मात्र सीमित भएको जस्तो लाग्छ । मिति २०७२/०१/१२ गते गएको त्यो कहाली लाग्दो बिनासकारी भूकम्पमा हजारौं जनाले ज्यान गुमाएका छन् । कति जना घरबार बिहीन भई हालसम्म त्रिपालको सहारामा जीवन गुजारा गर्न विवस छन् । राहत बितरणको क्रममा हेर्ने हो भने बोल्नेको पिठो पनि बिक्छ नबोल्नेको चामल पनि बिक्दैन भनेझै अलि बोल्न सक्ने र टाठाबाठाहरुले मनग्य राहत पाएका छन् । निमुखा, बोल्न नसक्ने र विकट ठाउँमा बस्न विवस सामान्य नेपालीले राहत स्वरुप वितरण भएका दैनिक उपभोग्य सामाग्री समेत पाएका छैनन् । हामी जुनसुकै ठाँउमा जाउँ सम्पर्क हुनेको काम चाडो हुन्छ, अन्यथा घण्टौ लाईनमा बस्दा पनि काम हुँदैन । अखिर किन समान कानुन छैन देशमा ? दुःख लाग्छ मलाई त्यस्तै त्यस्तै कुरामा ०६१/०६२ सालको द्वन्द्वमा पनि कतिले बलिदान दिएका छन् । तर द्वन्द्व पीडितलाई रकम दिने बेलामा किन छुट्याईन्छ ? किन दिइदैन समान रकम सरकार पक्ष र दोस्रो पक्षलाई किन भेदभाव गरिन्छ ? हाम्रो देश नेपालमा शिक्षित वेरोजगारहरुको जमात ठूलो छ ।

सामान्य नागरिकले दुःखजिलो गरी, ठूलो आशा अभिलाषाका साथ जुन उद्धेश्यले शिक्षा आर्जन गरेका हुन्छन् सोही अनुरुप रोजगारीको अवसर सीमित हुँदा मेहेनतको फल पाउन ज्यादै कठिन छ । तसर्थ कतिपय होनहार शिक्षित युवा जनशक्ति विदेश पलायन हुन बाध्य छन् । पहिलो रोजाईमा युरोप लगायतका विकसित मुलुकमा प्रयास गर्नेको जमात ठूलो छ भने विविध कारणले त्यस्ता ठाउँमा अवसर नपाउनेहरुले खाडी मुलुकमै भएपनि पसिना बगाएकै छन् । स्वदेशको रोजगारीको अवसरको अवस्थालाई नियाल्ने हो भने च्यानल मिलेका वा मिलाउन सक्नेहरुको बोलवाला रहेको देखिदै भोगिदै आएको छ । पटक पटकको प्रयासमा सफल हुन नसके पछि हरेश खाई विदेश पलायनको बाटो रोजन बाध्य छन् नेपाली युवा जमात । जसरी हाम्रो देश नेपाल प्राकृतिक रुपमा भरिपूर्ण छ, त्यसको सही उपयोग हुन सक्ने हो भने आज लाखौंको संख्यामा विदेश पलायन भई तिनैको पसिनाको कमाईको रेमिटेन्सको भरमा मुलुक संचालन हुनु पर्ने बाध्यता आउने थिएन । पर्यटन क्षेत्र एउटा भरपर्दो विदेशी मुद्रा आर्जनको महत्वपूर्ण क्षेत्र हो तापनि सही उपयोग हुन सकिरहेको छैन । जलसम्पदाले भरिपूर्ण नेपाली जनता दैनिक १२ घण्टा लोडसेडिङको मार खप्न बाध्य छन् । विद्युत कै अभावमा कतिपय औद्योगिक प्रतिष्ठानले पूर्ण क्षमतामा उत्पादन गर्न सकिरहेका छैनन् । सीमित उद्योग धन्दाबाट पनि पूर्ण क्षमतामा उत्पादन नहुनु भनेको आवश्कताका वस्तु विदेशबाट आयात गर्नुको विकल्प छैन । जसका कारण नेपालको व्यापार घाटा कहाली लाग्दो छ । औद्योगिक प्रतिष्ठानका लागि आवश्यक वातावरण

तयार गरी मुलुकमै रोजगारीको सृजना गर्न सकिएमा मात्र नेपाली युवा जमातले रोजगारीको समान अवसर प्राप्त गर्न सक्ने र जसबाट पचासौं लाख बेरोजगार युवालाई स्वदेशमा रोजगारीको अवसर उपलब्ध गराई क्रमिक रुपमा विदेश पलायनलाई रोकी स्वदेशी युवा शक्तिको जोश जाँगरको उपयोग गरी विकास निर्माणले गति लिने निश्चित छ । भविश्यका कर्णधार युवाशक्तिको समुचित उपयोगले देश भविश्य उज्जल देखिन्छ र नेपाली उत्पादनको सहज उपलब्धताले आवश्यकताको परिपूर्ति मात्रै होइन कि गुणस्तरिय स्वदेशी उत्पादनको उपयोग गर्न पाउँदा पनि आम दाजु भाई दिदी बहिनीहरुले गौरवको अनुभूति गर्ने थिए ।

*लेखकः- बीरगति प्राप्त स.प्र.नि शिर बहादुर खड्काकी श्रीमती हुनुहुन्छ ।*



# मित्रता

**-सत्य नारायण मेहता**

पानी भन्दा पातलो हुन्छ मित्रता
रगत भन्दा गाढा हुन्छ मित्रता
छोटो भन्दा छोटो हुन्छ कहिले मित्रता
जुनी(जुनी लामो हुन्छ कहिले मित्रता
कहिले माया भन्दा मीठो हुन्छ मित्रता
कहिले छायाँ भन्दा नजिक हुन्छ मित्रता
हिरा मोतीले किन्न सक्दैन चोखो मित्रता
मीठो बोलीमा हजारौ चोटी मारिदिन्छ मित्रता

कहिले अजम्बरी बुटी हुन्छ मित्रता
कहिले जिऊदै मार्ने बेथा बन्छ मित्रता
आफ्नाले बोक्न नसक्ने पीर बोक्छ मित्रता
आफ्नालाई भन्नै नमिल्ने राज खोल्छ मित्रता
कहिले सुदामा झैं गरिब बन्छ मित्रता
कहिले कृष्ण झैं दानी हुन्छ मित्रता
कहिले मीराको प्रेम बन्छ मित्रता
कहिले राधाको कृष्ण बन्छ मित्रता ।।।

# सशस्त्र प्रहरी बल संगठनबाट अनिवार्य, स्वैच्छिक, अशक्त अवकास, वीरगती प्राप्त र दिवगंत भएका राष्ट्र सेवकहरूको तथ्याङ्क

| विवरण | विरगति | कालगति | अशक्त अवकाश | अनिवार्य अवकाश | नोकरीबाट हटाएको | स्वैच्छिक अवकास (राजिनामा) | जम्मा | मरणोपरान्त बढुवा | अशक्त अवकाश बढुवा | सात वर्षे | असाधारण नि.भ. | उपदान (मृत्यु) | संचयकोष (मृत्यु) | निवृत्तिभरण | उपदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सप्रमनि | १ | ० | ० | ४ | ० | १ | ६ | ० | ० | १ | ० | ० | ० | ५ | ० | ६ |
| सप्रअमनि | ० | ० | ० | ९ | ० | ० | ९ | ० | ० | ० | ० | ० | ० | ९ | ० | ९ |
| सप्रनामनि | ० | ० | ० | १६ | ० | १ | १७ | ० | ० | ० | ० | ० | ० | १७ | ० | १७ |
| सप्रबउ | ० | ० | ० | १६ | ० | १ | १७ | १ | ० | ० | ० | ० | ० | १७ | ० | १८ |
| सप्रउ | १ | २ | ० | २१ | १ | १७ | ३२ | १ | ० | १ | २ | ० | ० | २५ | २ | ३१ |
| सप्रनाउ | २ | ५ | ० | ४३ | १४ | ३५ | ९९ | ८ | ० | २ | ५ | ० | ० | ७० | १३ | ९८ |
| सप्रनि | १३ | ८ | ३ | ३१ | ८७ | ८३ | २२५ | ७ | ७ | १३ | ८ | ० | ० | १०१ | २९ | १६५ |
| सप्रबनानि | ० | १ | ० | १ | ३ | २७ | ३२ | ० | ० | ० | १ | ० | ० | २८ | २ | ३१ |
| सप्रनानि | १० | २० | १२ | २ | ८१ | २१६ | ३४१ | १५ | १३ | ९ | १८ | ० | १ | १७४ | ८२ | ३१२ |
| सप्रसनि | १३ | १२ | १८ | ० | १७९ | ७७ | २९९ | १८ | २३ | १३ | ९ | १ | ० | १७ | १३९ | २२० |
| सप्रबह | २३ | ३० | ४० | ० | २५४ | ३४७ | ६९४ | २५ | ३५ | २१ | २५ | ४ | १ | २२६ | ३६२ | ६९९ |
| सप्रह | ४८ | ४४ | ६२ | ० | ३१२ | २७४ | ७४० | ६६ | ४७ | ५० | ३० | ५ | ५ | १० | ५५१ | ७६४ |
| सप्रसह | ५१ | ५७ | ७२ | ० | ३०४ | ५९१ | १०७५ | १६९ | २६ | ५० | ४४ | ५ | ७ | ६ | ८१५ | ११२२ |
| सप्रज | १५२ | १४५ | ५७ | ० | ३९४ | ९९१ | १७३९ | ० | ० | १४८ | ११२ | ७ | १५ | ० | १२२८ | १५१० |
| सप्रप | ६ | १४ | ३ | १ | ९८ | १४० | २६२ | ० | ० | ७ | ७ | २ | ० | २९ | १९६ | २४१ |
| **जम्मा** | **३२०** | **३३८** | **२६७** | **१४४** | **१७२७** | **२७९१** | **५५८७** | **३१०** | **१५१** | **३१५** | **२६१** | **२४** | **२९** | **७३४** | **३४१९** | **५२४३** |

श्रोतः- श्री सशस्त्र प्रहरी बल प्रधान कार्यालय प्रशासन विभाग, हलचोक ।





# विजया दशमी तथा शुभ दिपावली

## छठ पर्व २०७३

**तथा**

## नेपाल सम्वत ११३७ को

**सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने**

**समस्त नेपाली बन्धुहरुमा**

**सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको**

**हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

(अध्यक्ष)

**किशोर कुमार लामा**

**तथा**

**संघ परिवार**

**नेपाल पूर्व सशस्त्र प्रहरी संघ**

**केन्द्रीय कार्यालय, स्वयम्भू, हलचोक काठमाण्डौ**


CASINO MAHJONG
Soltee Crown Plaza
Tahachal, Kathmandu, Nepal
Phone : 4280588, 4270244, 4271011
Fax : 977-1-4271244
Web : www.casinomahjongnepal.com
Home
About Us
Casino Events
Terms & Conditions
Picture Gallery
Our Location
Caribbean Stud Poker
Roulette
Slots
Baccarat
Blackjack


M.R.S. Traders
Chabahil, Kathmandu
Cell: 9851191399, 9841289624
Authorized Distributers of Global Trading Concern P.Ltd.
Rembember us for:
Imported Whisky, Brandy, Gin, Wine etc.


घर जग्गा
खरिद/बिक्री/भाडा
प्रो. बाबु तामाङ्ग घिसिङ्ग
मोबाइल : ९८४१९१९२८८
SSS Developers Housing Pvt. Ltd.
एसएसएस हाउजिङ्ग डेभेलपर्स प्रा.लि.
कामनपा -१५, चमती, काठमाडौं, फोन : ०१-४३८००२९


शुभ विजया दशमी तथा दिपावली २०७३ को
हार्दिक मंगलमय शुभकामना ।
SHINE
SHINE TRADE PVT. LTD.
Durbar Marg, Yak & Yeti Road,
Kathmandu, Nepal
Tel. : 977-1-4227099, Fax : 977-1-4228245, E-mail : info@shine.com.np, Website : www.shine.com.np


नेपाल पूर्व सशस्त्र प्रहरी संघको नवौं वार्षिक दिवस र केन्द्रीय परिषदको सभाको सफलता एवम् महान चाड विजया दशमी, शुभ दिपावली छठ पर्व २०७३ र नेपाल सम्वत ११३७ को सुखद उपलक्ष्यमा संघको उत्तरोत्तर प्रगतिको शुभ-कामना
फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.
२०६६
Flash Multipurpose
Co-operative Ltd.
फ्लास बहुउद्देश्यीय
सहकारी संस्था लि.
संस्थाको सहकार्यमा समर्पित
WESTERN UNION®
मनी ट्रान्सफर
विदेशबाट तुरुन्त रकम प्राप्त गर्ने माध्यम
NABILBANK®
देशव्यापी रकम पठाउने भरपर्दो माध्यम
NABILREMIT
सेवा यहाँ उपलब्ध छ ।
himal remit
हिमालरेमिट
सम्पन्न पार्दैछ जिन्दगी
काठमाण्डौं म.न.पा. वडा नं. ४, धुम्बाराही चौबाटो, रिङ्गरोड, पोष्ट बक्स : २४०७३, फोन : ०१-४३७३२३२
फ्याक्स : ०१-४३७१०२८, इमेल : flashcop4@yahoo.com, flashcop4@gmail.com